का.जि.प्र.का.द.नं. १००/०५९/६०

❏ वर्ष १८, अंक १५
❏ १ फागुन २०७६, बिहीबार
❏ 13 February 2020, Thursday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्याह्न

Madhyanha National Daily
राष्ट्रिय दैनिक

## विद्रोहको रजत समीक्षा

# छरपस्ट 'माओवादी'

### प्रधामन्त्री केपी ओली र पुष्पकमल दाहालले सम्बोधन गर्ने

**संसदीय व्यवस्थाविरूद्ध विद्रोह घोषणा गर्दै १० वर्षे जनयुद्धपछि शान्ति प्रक्रिया हुँदै संसदीय अभ्यासमै तत्कालीन माओवादीको रूपान्तरण भएको छ । तर, त्यो २५ वर्ष अगाडिको माओवादी अहिले विभिन्न विचार र टुक्रामा विभाजित भएका छन् ।**

**राजेश्वरी कार्की/मध्यान्ह**
काठमाडौं, २९ माघ

तत्कालीन नेकपा (माओवादी) ले विद्रोह घोषणा गरेको २५ वर्ष पुगेको छ । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई ४० बुँदे ज्ञापनपत्र बुझाउँदै २०५२ फागुन १ गते माओवादीले विद्रोहको घोषणा गरेको थियो । दश वर्षसम्म चलेको विद्रोहका क्रममा १७ हजार नेपाली नागरिकले ज्यान गुमाए भने भौतिक संरचनामा ठूलो क्षति पुग्यो ।

तर, १२ बुँदे दिल्ली सम्झौता पछि २०६२/०६३ को दोस्रो जनआन्दोलन, शान्ति प्रक्रिया हुँदै माओवादी फेरि पनि माओवादी संसदीय अभ्यासमा आइपुग्यो । जनआन्दोलनको जगमा राजतन्त्रको अन्त्य भएको छ । २०६४ संविधानसभा निर्वाचनले संविधान निर्माण गर्न नसकेपछि २०७० मा सम्पन्न दोस्रो संविधानसभा निर्वाचन मार्फत् संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएको छ । संघीयता, गणतन्त्र, धर्म निरपेक्षता, समानुपातिक समावेशिता प्रस्तावनामा समेटिएको संविधानअनुसार, २०७४ मा प्रदेश तथा प्रतिनिधिसभा निर्वाचन समेत सम्पन्न भएको छ । तत्कालीन एमालेसँग पार्टी एकीकरण गर्दै माओवादी केन्द्र नेपाल कम्युनिष्ट पार्टी (नेकपा)मा रुपान्तरित भएको छ । सँगै, झण्डै दुई तिहाइ जनमतसहित विद्रोहको नेतृत्वकर्ता पुष्पकमल दाहाल प्रचण्ड सत्तारुढ नेकपाका कार्यकारी अध्यक्ष छन् ।

आज फागुन १ गते जनयुद्ध दिवसको रजत जयन्ती मनाउने तयारी नेकपाले गरेको छ । प्रचण्डसँगै अर्का अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओलीले जनयुद्ध दिवसलाई सम्बोधन गर्ने भएका छन् ।

तर, जनयुद्ध लडेका तत्कालीन माओवादी नेताहरु भने विभिन्न टुक्रामा विभाजित छन् । एक ठाउँमा उभिन सकेका छैनन् । प्रचण्ड नेकपाको अध्यक्ष छन् । विद्रोह घोषणा गर्नु अघि तत्कालीन प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने नेता बाबुराम भट्टराई कम्युनिष्ट पार्टीमै छैनन् । उनी २०६४ पछि मधेश विद्रोहबाट नेता बनेका उपेन्द्र यादवसँग छन् । २०७२ असोज ९ गते माओवादी परित्याग गरी नयाँ शक्ति गठन गरे । तर, केही पछाडि उनी यादवसँग एकता गर्दै समाजवादी पार्टी नेपालमा छन् ।

अर्का नेता मोहन वैद्य छुट्टै पार्टीको नेतृत्व गरिरहेका छन् । उनी पनि सीपी गजुरेल सहितका नेताहरुसँग छन् ।

जनवादी आन्दोलनको आवश्यकता नरहेको प्रचण्डले निष्कर्ष निकालिरहँदा नेत्रबिक्रम चन्दले भने संसदीय व्यवस्थाको विरुद्धमा एकीकृत क्रान्तिको नाममा भूमिगत छन् । गोपाल किराँती, विश्वभक्त दुलाल 'आहुती' लगायत नेताहरुले छुट्टा-छुट्टै पार्टी गठन गरेका छन् । उनीहरुले प्रचण्ड संशोधनको यात्रातर्फ अगाडि बढेको आरोप लगाएका छन् । कुनै समय प्रचण्डले छोडेर छुट्टै पार्टी बनाएका रामबहादुर थापा, पम्फा भुसाल, देव गुरुङ, मातृका यादव, मणि थापाहरु भने माओवादी केन्द्रमा फर्किएका थिए । अहिले नेकपामै छन् ।








## पूर्व प्रधानमन्त्रीहरूलाई मुद्दा चलाउन माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ माघ




बालुवाटार काण्ड अर्थात ललिता निवासको जग्गा हिनामिना प्रकरणमा पूर्वप्रधानमन्त्रीहरु माधवकुमार नेपाल र बाबुराम भट्टराई विरुद्ध मुद्दा चलाउन माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरिएको छ । वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपानेले बुधबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णयलाई चुनौति दिँदै रिट दायर गरेका हुन् । पूर्वप्रधानमन्त्रीद्वय नेपाल र भट्टराई विरुद्ध पनि मुद्दा दायर गर्न माग गरेर रिट दायर गराएको अधिवक्ता न्यौपानेले जानकारी दिए । नेता नेपाल २०६६ मा र भट्टराई २०६९ मा प्रधानमन्त्री भएका थिए । अख्तियारको अभियोगपत्रमा सरकार प्रमुखले गरेका नीतिगत निर्णयमा आफूले मुद्दा चलाउन सक्ने अधिकार नभएको उल्लेख गरी उन्मुक्ति दिइएको छ ।

अख्तियारले दायर गरेको अभियोग पत्रमा भनिएको छ, 'ललिता निवास क्याम्पभित्रको सरकारी जग्गा सम्बन्धमा विभिन्न मन्त्रालय र कार्यालयबाट विभिन्न मितिमा भएका गैरकानुनी कार्यहरूलाई वैधानिकता दिलाउने र सरकारी जग्गा अनधिकृत व्यक्तिका हक र स्वामित्व स्थापित

**बालुवाटार जग्ग प्रकरण**

गराउने गरी सम्बन्धित मन्त्रालयको प्रस्तावअनुरूप मन्त्रिपरिषदबाट २०६६-१२-२९, ०६७-०-३१, ०६७-०४-२८ र ०६९-०६-१८ मा भएका निर्णय मन्त्रिपरिषदबाट सामूहिक रूपमा गरेका नीतिगत निर्णय भएकाले आयोगको क्षेत्राधिकारभित्र पर्ने देखिएन ।' अख्तियारले गत बुधबार तत्कालिन ३ मन्त्रीसहित १७५ जनाविरुद्ध मुद्दा दायर गरेको थियो ।

यसैबीच, ललिता निवास जग्गा प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको निलम्बित चितवन जिल्ला न्यायाधीश विनोदकुमार गौतमले आफूलाई कारबाही नगर्न माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका छन् । न्यायाधीश गौतमका वारेश मञ्जिल खनालले दायर गरेको रिटमा गौतमले न्यायाधीश निलम्बन गर्ने अधिकार अख्तियारलाई नभएको भन्दै न्यायाधीशको रुपमा काम यथावत रही काम गर्न दिनू भनी अन्तरिम आदेश जारी गर्न माग गरेका छन् । न्यायाधीशलाई कारबाही गर्ने निकाय न्यायपरिषद् मात्र भएको भन्दै उनले अख्तियारलाई न्यायाधीशमाथि कारबाही गर्ने अधिकार नै नभएको उल्लेख गरेका छन् । उनले दायर गरेको रिटमा भनिएको छ, 'आयोगका अनुसन्धान अधिकृतलाई न्यायाधीश उपर बाँकी पृष्ठ २ मा

## नेपालको कीर्तिमानी जित

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २९ माघ



नेपालले एक दिवसीय अन्तर र्राष्ट्रिय क्रिकेटमा नयाँ कीर्तिमान कायम गरेको छ । अमेरिकालाई आठ विकेटले पराजित गर्दै नेपालले कीर्तिमान कायम गरेको हो । अमेरिकालाई ३५ रनमा अलआउट गर्दै विश्व कीर्तिमान बराबर गरेको नेपालले विजय लक्ष्य ५.२ ओभरमा दुई विकेट गुमाएर हात पारेको थियो ।

श्रीलंकाले सन् २००४ मा जिम्बाब्वेलाई ३५ रनमा सीमित पारेर बनाएको कीर्तिमानको नेपालले बराबरी गरेको हो । तर जिम्बाब्वेले १८ ओभर खेलेको थियो भने अमेरिकाले १२ ओभर मात्रै खेल्यो । यो सबैभन्दा कम बलमा विपक्षी टोलीलाई आउट गरेको नयाँ कीर्तिमान हो । यसअघि यो कीर्तिमान अफगानिस्तानले सन् २०१७ मा जिम्बाब्वेलाई १३.५ ओभरमा ५४ रनमा अलआउट गरेर बनाएको थियो । लामिछानेले छ ओभर बलिङ गर्दै १६ रन दिएर छ विकेट लिए । यो नेपाली खेलाडीको एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा सबैभन्दा राम्रो बलिङ हो ।

नेपालको विजयका लागि पूर्वकप्तान पारस खड्का २० रनमा र उपकप्तान दीपेन्द्रसिंह ऐरीले १५ रनमा नटआउट रहे । कप्तान ज्ञानेन्द्र मल्ल एकमा र सुवास खकुरेल शून्यमा आउट भएका थिए । स्पिनर सन्दीप लामिछानेले छ र सुसन भारीले चार विकेट लिएपछि कीर्तिपुर मैदानमा आयोजित विश्वकप क्रिकेट लीग २ को अन्तिम खेलमा अमेरिका न्यूनतम रनमा समेटिएको थियो । भारीले तीन बाँकी पृष्ठ २ मा

**Vacancy Announcement**
A Reputed Foreign Employment Agency is looking for suitable candidates for the given post.
**Documentation Officer Female**
**Qualifaction:** Bachelor pass, 2 years Experience in manpower field
Salary Negotiable
नोभा ईन्टरनेशनल प्रा. लि.
गौरीगाँउ, सिनामंगल, काठमाडौं, फोन नं.: ४११२०२८, ४११२०३०, ९८५१०५१७०७

## नेतादेखि मन्त्री र महानिर्देशकसम्म

# व्यवसायीका गुनासै-गुनासा



**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ माघ

वैदेशिक रोजगार व्यवसायीहरूले वैदेशिक रोजगार क्षेत्रको विद्यमान झन्झटिला र अव्यवहारिक प्रावधान तत्काल हटाउन माग गरेका छन् ।

बुधबार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादव, प्रमुख प्रतिपक्ष दल नेपाली काँग्रेसका प्रतिनिधिसभाका प्रमुख सचेतक बालकृष्ण खाँड, नेपाली काँग्रेसका केन्द्रीय सदस्य गगन थापा तथा वैदेशिक रोजगार विभागका नवनियुक्त महानिर्देशक कुमारप्रसाद दाहाललाई छुट्टा-छुटै भेटेर व्यवसायीहरूले गुनासो बिसाएका हुन् ।

पछिल्ला केही दिनयता वैदेशिक रोजगार व्यवसायीहरूले आफूले झेलेका समस्याबारे दल र सरोकारवालाको ध्यानाकर्षण गराइरहेका छन् । यही क्रममा कांग्रेसनिकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसियसनका पदाधिकारीलगायतले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री यादव र विभागका महानिर्देशक दाहालसहित कांग्रेस नेतालाई भेटेका थिए । सत्तारूढ नेकपानिकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल तथा वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कतारमा स्क्यानर काठमाडौंमा खुसी

काठमाडौं/मस- कतारस्थित नेपाली दूतावासले स्क्यानर खरीद गरेको समाचार सुनेपछि काठमाडौंमा खुसीयाली छाएको छ ।

वैदेशिक रोजगार विभागले गत पुस १६ बाट वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीको औपचारिक शुरुवात गर्दै विदेशस्थित नेपाली नियोगहरूबाट प्रणालीमा रहेको एटेस्टेसन मोडलबाट प्रमाणीकरण गरिएका डिमाण्ड पठाउनुपर्ने व्यवस्था गरेको छ । तर कतारस्थित नेपाली नियोगले स्क्यानर नभएको भन्दै प्रमाणीकरण गरेका डिमाण्ड प्रणालीमा अपलोड गरेको थिएन । त्यसबारे नेपाल वैदेशिक रोजगार व्यवसायी संघले निरन्तर आवाज उठाउँदै आएको थियो । प्रणाली लागू भएको करिव ४५ दिनपछि बुधबार दूतावासले स्क्यानर खरीद गरेको हो । स्क्यानर खरिद सामान्य विषय भए पनि श्रम बाँकी पृष्ठ २ मा

**Vacancy Announcement**
A Reputed Foreign Employment Agency is looking for suitable candidates for the given post.
**Pro - 2 Lady**
**Documentation - 1 Lady**
**Qualifaction:** Bachelor pass, 2 years Experience in manpower field
Salary Negotiable
Alliance Human Resources Pvt. Ltd.
P.O.Box : 1361, Pingalasthan-9 , Kathmandu, Nepal
Tel: 4483326, 9803285247
Email:- hr@alliancenepal.com, URL: www.alliancenepal.com

**तु-आवश्यकता**
**PRO Assistant-2 Male**
+2 Pass
**Documentation Officer - 2 Female**
Bachelor pass
तलब आपसी सहमतिमा
पाल्ही ओभरसिज प्रा. लि.

**हार्दिक बधाई तथा शुभकामना**



नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसियसनको ... अध्यक्ष नरेन्द्र ढकाल, वरिष्ठ उपाध्यक्ष ... उपाध्यक्ष जनक खड्का (प्रकाश), ... सचिव कमल ... कृष्ण कुमार जैशी ... अमिर बास्तोला एवं कार्यसमिति सदस्यहरु ईश्वर सापकोटा, नारायण भुषाल, तोरण कुमार कार्की, चन्द्र बहादुर लिम्बु, सेते लाल पौडेल, नरेन्द्र मणी पराजुली, विक्रम श्रेष्ठ, नगेन्द्र प्रसाद पोखरेल (नवीन), राजेश गौतम र राजेश यादव प्रति हार्दिक बधाई तथा कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।
किशन प्रधान
अध्यक्ष
तथा
नेपाल वैदेशिक रोजगार व्यवसायी सेवा समाज परिवार

# शव बोकेर फर्किए जानकी

**केशर धामी, मध्यान्ह**
काठमाडौं, २९ माघ



'घरमा बिरामी श्रीमती छौं । छोराको मृत्युबारे जानकारी गरायो भने त उ पनि मर्छे ।' छोराको शव बुझ्न दाङबाट काठमाडौं आएका ५० वर्षीय जानकी चौधरी भावविह्ल बनेर भनिरहेका थिए । दाङको लमही नगरपालिका-२ का जानकी एकातिर भावविह्ल बनेका छन् भने अर्कोतिर छोराले कसरी अर्कोको ज्यान लिएर आफुले पनि आत्महत्या गर्न सक्यो भनेर सोचमा डुबिरहेका हुन्छन् ।

ललितपुरको सानेपास्थित पूर्वसचिव कार्कीको घरमा आठ वर्षदेखि काम गर्दै आइरहेका विजयले कार्कीकी श्रीमती मुनाको हत्यापछि आफैंले आत्महत्या गरेका थिए । चौधरीले उक्त घटनाबारे राति ८ बजे मात्र थाहा पाएका थिए। घटना बिहान ११ बजेतिर घटे पनि उनलाई राति मात्रै जानकारी गराइएको थियो ।

'काम गर्ने ठाउँमा सबै राम्रो छ भनेर फोनमा भनिरहन्थ्यो । कसरी यस्तो भयो, मैले पत्याउनै सकिरहेको छैन्', पाटन अस्पतालमा पोष्टमार्टम् गरिसकेको शव एम्बुलेन्समा बोकेर घर फर्किरहेका जानकीले भने, 'घटनाको सत्य तथ्य के हो प्रहरीले अनुसन्धान गरोस् ।'

उनी छोराको गाउँमै दाहसंस्कार गर्ने भनेर शव बोकेर फर्किएका छन् । 'रोगी श्रीमतीले छोराको मृत्युको खबर सहन सक्दिनँ, आफ्नै गाउँ ठाउँमा दाहसंस्कार गर्न शव बोकेर घर फर्कंदै छु ।' उनले भने ।

वडा कार्यालयबाट २७ माघ साँझ छोराको मृत्युको खबर पाएपछि जानकी २८ माघ बिहानै मामाको छोरा निमबहादुर चौधरीलाई साथमा लिएर काठमाडौं आएका थिए । उनको होस त थियो, तर मन ठेगानमा थिएन । लमहीबाट बस चढेर कतिखेर काठमाडौं आइपुगियो उनलाई पत्तै भएन् ।

'श्रीमती पार्वती बिरामी भइरहन्छिन् । उनलाई टाउको दुखिरहने समस्या छ । शरीर कमजोर छ । अहिले पनि उनी राम्रोसँग हिडडुल गर्न समेत सक्दिनन् । छोराको मृत्युबारे भनेका छैनौं ।' उनले भने ।

आठ वर्ष अघि छिमेकीको सहयोगमा विजय कार्कीको घरमा कामदारका रुपमा आएका थिए । ललितपुरको सानेपास्थित कार्कीको घरमा १५ वर्षकै उमेरमा उनी काम गर्न थालेका थिए । कार्कीको घरमा काम गर्ने दौरान तीन पटक मात्र विजय घर पुगेका थिए ।

एक साताअघि मात्र विजयले बुबालाई फोन गरेर कार्की परिवारको लाति तोरीको तेल र मुसुरोको दाल मगाएका थिए । 'साहुनीले पाँच लिटर तोरीको तेल र मुसुरोको दाल मगाउन भन्नुभएको छ' भनेका थिए । जुन बाबु छोराबीचको अन्तिम सम्वाद बन्न पुग्यो ।

जेठी छोरीको विवाह गरिसकेका जानकी विजयको विहे गराउने सोजमा पनि थिए । बिहे गरेर परिवारको जिम्मेवारी सम्हाल्ने उमेर पुगेका छोराको शव बोकेर घर फर्किनु पर्ला भन्ने उनले कल्पनासम्म गरेका थिएनन् । घरको जिम्मेवारी सम्हाल्ने उमेर भएका छोराको मृत्युले जानकीलाई निकै कमजोर बनाएको छ ।

'जेठ महिनामा विजयका मालिकले फोन गरेर काम गर्ने अर्को मानिस खोजिदिनु होला । विजयलाई म अरू नै काममा लगाउँछु भनेका थिए,' जानकीले भने, 'छोरो समझदार र बुझ्ने भइसकेको थियो । यस्तो कसरी भयो अहिलेसम्म पत्याउनै सकिरहेको छैन ।'

छोरी हिरापछिका विजयका दुई भाइ छन् । उनी बेला बेला खर्च पठाइरहन्थ्ये । यो बज्रपातले उनको परिवारमा आँड भरोसा दिने पिल्लर नै भाच्चिएको छ ।

दुवै परिवारबाट प्रहरीमा जाहेरी

घटनाबारे सत्यतथ्य छानविनको माग गर्दै दुवै परिवारले प्रहरीमा जाहेरी दिएका छन् । महानगरीय प्रहरी परिसर ललितपुरमा घटनाको छानबिन गर्न भन्दै विजयका बाबुले जाहेरी दिएका हुन् । प्रहरीको प्रारम्भिक अनुसन्धानले अहिलेसम्म घटनाको कारण फेला पारेको छैन । कार्की परिवारले भने विजयले नै मुनाको हत्या गरेको यसअघि नै प्रहरीमा जाहेरी दिएका थिए । प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ ।

# जेद्दामा माग प्रमाणीकरण नरोकिने

काठमाडौं/मसः साउदी अरबको जेद्दास्थित नेपाली महावाणिज्य दूतावासले म्यानपावर कम्पनीका मागपत्र प्रमाणीकरण कार्य फागुन १ गते (तदनुसार १३ फेब्रुअरी) मा पनि पूर्ववत् सञ्चालन हुने प्रष्ट पारेको छ ।

रियादस्थित नेपाली दूतावाससँगै जेद्दामा रहेको महावाणिज्य दूतावासबाट फागुन १ गते (आज) म्यानपावर कम्पनीका मागपत्र प्रमाणीकरण कार्य नहुने समाचार मध्यान्ह दैनिकमा छापिएको थियो । डिमान्ड अपलोड कार्य बाँकी रहेकाले एक दिन प्रमाणीकरण नहुने दूतावासले विज्ञप्तिमार्फत जनाएको थियो ।

तर, जेद्दास्थित महावाणिज्य दूतावासले रियादबाट बिहीबार प्रमाणीकरण कार्य नभए पनि आफ्नो कार्यालयबाट यो सेवा नरोकिने प्रष्ट पारेको छ ।

जेद्दास्थित नेपाली वाणिज्यदूत भुवन पौडेलले मध्यान्हसँग कुरा गर्दै फागुन १ गते बिहीबारका दिन पनि पूर्ववत् रूपमा प्रमाणीकरण कार्य हुने जानकारी दिए । 'बिहीबार रियादस्थित नेपाली राजदूतावासले म्यानपावर कम्पनीका मागपत्र प्रमाणीकरण कार्य नगर्ने जनाए पनि जेद्दाबाट पनि नहुने आशयका समाचार प्रकाशमा आएका छन्,' वाणिज्यदूत पौडेलले टेलिफोनमार्फत मध्यान्हसँग भने, 'जेद्दास्थित हाम्रो कार्यालयबाट पनि सबैखाले सेवा प्रवाह हुन्छ ।'

साउदी अरबबाट वर्षौंदेखि नेपाली कामदारको माग हुँदै आइरहेको छ । पछिल्लो समय त्यहाँस्थित दूतावासले नआउन आग्रह गरे पनि माग र नेपाली युवाको आकर्षण घटेको छैन । माग हुने नेपाली कामदारहरूको प्रमाणीकरण कार्य रियादस्थित नेपाली दूतावास र जेद्दाको महावाणिज्य दूतावास गर्दै आइरहेका छन् ।

दूतावासले किन्यो स्क्यानर

वैदेशिक रोजगार विभागले नेपाली नियोग रहेका विश्वका सबै देशमा यही जनवरी १ बाट लागू हुनेगरी वैदेशिक रोजगार सूचना (फेम्स) अनिवार्य गरेको छ ।

तर, कतारस्थित नेपाली राजदूतावासले भने यो प्रणाली कार्यान्वयनमा ल्याउन आलटाल गरेको छ । विभागले प्रणाली लागू गर्न दिएको समयसीमा घर्किएको १ महिना १२ दिन बिते पनि उसले बल्ल स्क्यानिङ मेसिन खरिद गरेको छ । स्क्यानिङ मेसिनको जडानलगायतका प्राविधिक कार्य गर्नुपर्ने भएकाले फेम्स प्रणाली कार्य केही दिन पर सर्ने देखिएको छ ।

# रात्रि बसको तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ माघ

काठमाडौं महानगरपालिका क्षेत्र भित्र अब रात्रीकालिन सार्वजनिक यातायात सञ्चालनको तयारी पुनः थालिएको छ । सहरी यातायात सेवालाई थप प्रभावकारी बनाउन र नेपाल भ्रमण वर्ष २०२० का अवसरमा नेपाल घुम्न आएका विदेशी पाहुनालाई समेत थप सहज बनाउन महानगरपालिका रात्रिकालिन सार्वजनिक यातायात सञ्चालन गर्ने भएको छ । काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यको अगुवाईमा विभिन्न सरोकारवाला निकायसँग भएको छलफल पश्चात रात्रि बसको तयारी सुरु भएको हो । यसअघि २०६९ साल भदौ १ गतेदेखि काठमाडौं महानगरपालिकाको केही आर्थिक अनुदानमा रात्रिकालिन सार्वजनिक यातायात सञ्चालनमा आए पनि करीब १८ महिना सञ्चालनमा आएपछि महासंघले सेवा बन्द गरेको थियो ।

मेयर शाक्यले अहिले स्थानीय तहमा जनप्रतिनिधि आएपछि रात्रिकालिन सेवालाई थप सहज बनाउँदै दीर्घकालिन रुपमा सार्वजनिक यातायात सञ्चालन गर्ने विषयमा सरोकारवालासँग छलफल भएको जानकारी दिए । मेयर शाक्यले चैत्र १ गतेबाट नभए नयाँ वर्षको सुरुवातसँगै पहिलो चरणमा बेलुका ८ बजेदेखि ११ बजेसम्म बस सेवा सुरु गर्ने जनाए । उनले रात्रिकालिन बस सञ्चालनका लागि कार्यदल नै गठन गरेर अघि बढ्ने जनाए । मेयर शाक्यले भने, 'महानगरपालिकाले यसअघि नै नमूनाका रुपमा टुँडिखेल वरीपरी 'पिक एण्ड ड्रप' सुरु गरिसकेको छ ।

# सावधान ! कोरोना सम्भावितहरु अस्पतालबाटै फरार

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ माघ




कोरोना भाइरसको आशंका लागेका तीन जना फरार भएका छन् । बुधबार टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पतालबाट एक जना साउदी नागरिक र केही दिनअघि पोखराबाट दुई जना चिनियाँ नागरिक फरार भएका थिए ।

कोरोनाको आशंका गरिएका एक साउदी अरेबियाका नागरिक टेकु अस्पतालबाट भागेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता महेन्द्र श्रेष्ठले जनाएका छन् । चीनको बाटो हुँदै नेपाल आएका उनी रुघाखोकी र ज्वरो आएपछि एक साताअघि टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा जाँच गर्न पुगेका थिए । सामान्य चेकजाँच गर्ने क्रममा उनलाई कोरोनाको आशंका भएपछि अस्पतालले निगरानीमा राख्ने निर्णय गरेको थियो । तर, निगरानीमा राख्ने तयारी गर्दागर्दै उनी भागेका हुन् । प्रवक्ता श्रेष्ठले भने, 'उनको कोरोना परीक्षण गर्न बाँकी थियो, अहिले खोजी भइरहेको छ । भाषाको समस्या भएकाले उनलाई नियन्त्रणमा राख्न सकिएन ।' उनको खोजी भइरहेको श्रेष्ठले जनाए ।

दुई साताअघि पोखराबाट २ चिनियाँ नागरिकलाई कोरोना भएको आशंकामा अस्पताल पठाइएको थियो । तर, उनीहरु पनि अस्पतालबाटै फरार भए । त्यसपछि विश्व स्वास्थ्य संगठनले चासो देखाएको थियो । तर, विश्व स्वास्थ्य संगठनका प्रतिनिधि मणिपाल अस्पताल गएर सोध्दा उनीहरु विना चेकजाँच गराई फरार भएको जानकारी गराइएको थियो । ती दुई चिनियाँ त्यहाँबाट बेपत्ता भएपछि संगठनले खोजी गऱ्यो । तर अहिलेसम्म उनीहरू सम्पर्कमा आएका छैनन् । गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले सम्पर्कमा नभए पनि उनीहरूलाई कोरोना भाइरस नभएको बताएको छ । तर, उनीहरु कुनै पनि परीक्षण नगरीकन त्यतिकै फर्किएकाले कोरोना थियो या थिएन भन्ने यतिकै भन्न सकिने अवस्था छैन ।

यसैबीच, तीन जनालाई टेकु अस्पतालमा भर्ना गरिएको छ । चीनबाट नेपाल आएका एक जना चिनियाँ नागरिक र दुई जना नेपालीलाई कोरोनाको आशंकामा अस्पतालमा भर्ना गरिएको स्वास्थ्य मन्त्रालयका प्रवक्ता श्रेष्ठले बताए । श्रेष्ठका अनुसार उनीहरूलाई बुधबार टेकु अस्पतालको आइसोलेसनमा भर्ना गरिएको हो । उनीहरु तीन जनामा कोरोना भाइरस छ वा छैन भनेर टेकुकै राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा कोरोनाको परीक्षणका लागि नमुना पठाइएको प्रवक्ता श्रेष्ठले बताए । प्रवक्ता श्रेष्ठका अनुसार हालसम्म नेपालमा कोरोना भाइरसको आशंकामा २० जनामाथि कोरोना भाइरसको परीक्षण गरिएको र ती मध्य एकजनामा पोजेटिभ देखिएको बताए । कोरोना पोजेटिभ देखिएका ती व्यक्तिको पनि पछिल्लो पटक भएको परिक्षणमा कोरोना नेगेटिभ देखिएको प्रवक्ता श्रेष्ठको भनाइ छ ।

## अनावश्यक हल्ला

**काठमाडौं/मस-** सिन्धुपाल्चोकको जुगल गाउँपालिकामा कोरोना भाइरसको संक्रमण नदेखिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । जुगल गाउँपालिकाको गुम्बा गाउँमा देखिएको समस्या कोरोना नभई मौसमी रुघाखोकी भएको मन्त्रालयले जानकारी दिएको हो ।

मौसमी रुघाखोकी भएकाले औषधि खाने बिरामी निको हुँदै गएको पनि मन्त्रालयले जनाएको छ । गाउँपालिकाले कोरोना जस्तै लक्षण देखिएको रोग फैलिएको भन्दै मंगलबार स्वास्थ्य मन्त्रालयलाई पत्राचार गरेको थियो । स्वास्थ्य मन्त्रालयका प्रवक्ता महेन्द्रप्रसाद श्रेष्ठले सिन्धुपाल्चोकको जुगल गाउँपालिका-३, गुम्बा गाउँमा देखिएको भनिएको रोग सामान्य रुघाखोकी भएको पुष्टी गरे । उनले त्यहाँका कुनै पनि गाउँलेलाई कोरोनाको संक्रमण नभएको पनि बताएका छन् । उनले भने, 'सिन्धुपाल्चोकमा देखिएको बिरामीमा कोरोना होइन, मौसमी रुघाखोकी हो । गलत सन्देशले भ्रम मात्र फैलियो ।'

बागमती प्रदेशका सामाजिक विकासमन्त्री युवराज दुलालले पनि सिन्धुपाल्चोकमा कोरोना भाइरसको संक्रमण नदेखिएको बताएका छन् । उनले गुम्बा गाउँमा देखिएको भाइरल रुघाखोकी र ज्वरोको बारेमा अनुसन्धान र नमुना संकलन गर्न स्वास्थ्यकर्मीको टोली पुगिसकेको भन्दै संयमता अपनाउन आग्रह गरेका छन् । बागमती प्रदेश जनस्वास्थ्य प्रयोगशालाको टोलीले बुधबार नै त्यहाँबाट थप परीक्षणको लागि नमुना संकलन गरी ल्याउने उनले जानकारी दिए ।

केही दिनयता फैलिएको रुघाखोकीले २ सय भन्दा धेरै गाउँले बिरामी भएपछि जिल्लाबाट स्वास्थ्यकर्मीको टोली त्यहाँ खटिएको छ । जुगल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लोकबहादुर विकले कोरोना आशंकामा मन्त्रालयलाई पत्र पठाएपछि सञ्चारमाध्यममा समाचार फैलिएको थियो । जुगल गाउँपालिका-३ साबिकको गुम्बा गाविसमा वडा नम्बर ८ गुम्बा बस्तीमा सोमबारदेखि नोबल कोरोना भाइरसको लक्षणसँग मेलखाने लक्षण देखिएको उनले पत्रमा उल्लेख गरेका थिए ।

गाउँपालिकाले पत्र पठाएसँगै स्वास्थ्य मन्त्रालयले जिल्लाबाट स्वास्थ्यकर्मीको टोली परिचालित गरेको हो । जुगल गाउँपालिकाका अध्यक्ष होम नारायण श्रेष्ठका अनुसार माघ २३ गतेबाट यस्तो लक्षण देखिन सुरु गरेको हो ।

## कतारमा...

रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र वैदेशिक रोजगार विभागमा स्क्यानरको समाचार चर्चाको विषय बनेको थियो ।

निजी क्षेत्रमा व्यवसायीले एकाध घण्टामै खरीद गरेर प्रयोगमा ल्याउने स्क्यानर खरीद गर्न सरकारी निकायलाई ४५ दिन लागेपछि कतिपयले नेपाली प्रशासनभित्रको खरिद प्रक्रियाको जटिलता भन्दै व्यंग्यसमेत गरेका छन् ।

## नेतादेखि...

विभागका नवनियुक्त महानिर्देशक दाहाललाई भेटेका थिए ।

मुलुकको वैदेशिक रोजगार क्षेत्रमा धेरै प्रकारका समस्या रहेका भएपनि बुधबारको भेटमा व्यवसायीहरूले विदेशस्थित नेपाली दूतावासहरूको डिमाण्ड प्रमाणीकरणमा रहेको समस्या, फ्रि भिसा फ्रि टिकटको सरकारी निर्णयले उत्पन्न गराएको समस्या, म्यानपावर कम्पनीको लाइसेन्स नवीकरण गर्न प्रत्येक वर्ष म्यानपावर कम्पनीहरूले अनिवार्य रूपमा सय जना कामदार वैदेशिक रोजगारीमा पठाएको हुनुपर्ने, वैदेशिक रोजगार ऐन नियमावलीको व्यवस्था र पुनः विज्ञापन गर्नु पर्ने व्यवस्थाले अनावश्यक हैरानी पाएको बताए ।

एशोसियसनका पदाधिकारीहरूले बुधबार बिहान शुरुमा नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री गगन थापालाई भेटेका थिए । भेटमा एशोसियसनका पदाधिकारीहरूले वैदेशिक रोजगारमा रहेका मध्ये वैदेशिक रोजगार ऐन २०६४ को संशोधन र वैदेशिक रोजगार (पाँचौं) संशोधन नियमावलीमा म्यानपावर कम्पनीको नवीकरणसम्बन्धमा गरिएको व्यवस्थामा विरोधाभाष रहेको भन्दै नियमावलीको व्यवस्था परिवर्तन गर्न माग गरेका थिए । त्यसमा नेता थापाले आफूहरूले त्यस विषयमा पहल गर्न व्यवसायीहरूलाई आश्वासन दिएको एशोसियसनका महासचिव भवानी निरौलाले जानकारी दिए ।

नेता थापालाई भेटेपछि एशोसियसनका पदाधिकारी तथा सल्लाहकारहरूले प्रतिनिधिसभाका कांग्रेस प्रमुख सचेतक बालकृष्ण खाँडलाई भेटेका थिए । सचेतक खाँडसगको भेटमा पनि एशोसियसनका पदाधिकारीहरूले विदेशस्थित नेपाली दूतावासहरूले डिमाण्ड प्रमाणीकरणमा रहेको समस्या, फ्रि भिषा फ्रि टिकटको सरकारी निर्णयले उत्पन्न गराएको समस्या, म्यानपावर कम्पनीको लाइसेन्स नवीकरण गर्न प्रत्येक वर्ष म्यानपावर कम्पनीहरूले अनिवार्य रूपमा सय जना कामदार वैदेशिक रोजगारीमा पठाएको हुनुपर्ने वैदेशिक रोजगार ऐन नियमावलीको व्यवस्था र पुनः विज्ञापन गर्नुपर्ने व्यवस्थाले अनावश्यक हैरानी दिएको दोहोऱ्याएका थिए । एशोसियसनका अध्यक्ष नरेन्द्रप्रसाल ढकाल, महासचिव निरौला र एशोसियसनका पूर्वअध्यक्ष सुजित श्रेष्ठले सचेतक खाँडलाई समस्या सुनाएका थिए ।

प्रतिउत्तरमा नेता खाँडले विद्यमान पद्धतिले ऐनको मस्यौदादेखि पारित गर्ने प्रक्रियासम्म प्रतिपक्षी दललाई भूमिका दिइने तर ऐनको कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली सरकारले मन्त्रिपरिषद्‌बाट पारित गर्ने व्यवस्था रहेको जानकारी दिँदै ऐनविपरीत आएको नियमावलीको व्यवस्था सरकारले सच्चाउनुपर्ने बताएका थिए । सरकारले नसच्चाए न्यायालयको आदेश लिएर भए पनि सुधार गर्नु पर्ने मत नेता खाँडको छ । वैदेशिक रोजगार व्यवसायीहरूको सामूहिक समस्या समाधानमा नेपाली काँग्रेसले सहयोग गर्नु आश्वासन पनि उनले दिएको भेटमा सहभागी एक व्यवसायीले जानकारी दिए ।

खुला बजारको हिमायती काँग्रेसले वैदेशिक रोजगारलाई प्रवर्द्धन गर्ने तर नियन्त्रित अर्थ व्यवस्थाका हिमायती कम्युनिस्टहरूले वैदेशिक रोजगारलाई नियन्त्रण र संकुचन गर्ने परस्पर विरोधी दृष्टिकोण रहेका कारण सरकारसंग सहकार्यमा असजिलो भएपनि समस्या समाधानका लागि उच्चतम प्रयत्न गर्ने खाँडले बताए । विगतमा म्यानपावर कम्पनीहरूको धरौटी घटाउने वा वर्गीकरण गराउँदा आफूहरू तत्कालीन श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको कार्यकक्षमै पुगेको स्मरण गर्दै नेता खाँडले आगामी दिनमा पनि सोहीस्तरमा पहल गर्ने आश्वासन दिए । सचेतक खाँडले पेशा व्यवसाय मर्यादित हुन नसकेका कारण केही समस्या रहेको भन्दै व्यवसायीहरू कामदारप्रति इमान्दार बन्नसमेत आग्रह गरे ।

प्रमुख सचेतक खाँडसँगको भेटका क्रममा एशोसिएसनका अध्यक्ष ढकालले कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतले माउ पार्टी नेपाली कांग्रेसमा निर्वाचित सभातिलाई पूर्ण रूपमा काम गर्न पाउनुपर्ने पक्षमा एशोसिएसन रहेको जानकारी दिएका थिए ।

सचेतक खाँडपछि एशोसियसनका पदाधिकारीहरूले विभागका महानिर्देशक दहाललाई भेटेका थिए । महानिर्देशक दहालसंग पनि एशोसियसनका पदाधिकारीहरूले विदेशस्थित नेपाली दूतावासहरूले डिमाण्ड प्रमाणीकरणमा रहेको समस्या, फ्रि भिषा फ्रि टिकटको सरकारी निर्णयले उत्पन्न गराएको समस्या, म्यानपावर कम्पनीको लाइसेन्स नवीकरण गर्न प्रत्येक वर्ष म्यानपावर कम्पनीहरूले अनिवार्य रूपमा सय जना कामदार वैदेशिक रोजगारीमा पठाएको हुनुपर्ने, वैदेशिक रोजगार ऐन नियमावलीको व्यवस्था र पुनः विज्ञापन गर्नुपर्ने व्यवस्थाले अनावश्यक हैरानी दिएको विषय हुबहु उठाए । महानिर्देशक दाहालले त्यसअघि नै सत्तारूढ नेकपानिकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल तथा वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले विभागका नवनियुक्त महानिर्देशक दाहाललाई भेटी उल्लेखित समस्या सविस्तार सुनाएका थिए ।

दुवै संगठनको भेटमा व्यवसायीहरूले सरकारी निकायहरू खासगरी विदेशस्थित नेपाली नियोगहरूमा रहेको ढिलासुस्तीको जमेर विरोध गरे । संगठनको तर्फबाट रामप्रसाद भान्तना,चित्र गुप्त साँवा लिम्बु, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष रोहन गुरुङ, मञ्चका सस्थापक सरोजकुमार पोखरेल, मञ्चका पूर्वअध्यक्ष टंक राउत ,संघका पूर्वद्वितीय उपाध्यक्ष हरिबहादुर पाण्डे क्षेत्री, मञ्चका उपाध्यक्ष गोविन्द कटुवाललगायतले विभागदेखि कूटनीतिक नियोगहरूका समस्या उठाए ।

दुवै पक्षका व्यवसायीहरूले उठाएका समस्या र भनाइ नवनियुक्त महानिर्देशक दाहालले एक जिज्ञासुको शैलीमा सुनेका थिए । व्यवसायीहरूका जिज्ञासाको जवाफ दिदै महानिर्देशक दाहालले वैदेशिक रोजगार क्षेत्रले मुलुकको अर्थतन्त्रमा पुऱ्याएको योगदानबारे आफू पूर्णतः जानकार रहेको भन्दै व्यवसायीहरूका जायज समस्या समाधान गर्न हात नकमाउने बताए । उनले भने, 'मैले निरन्तर समस्या सुनिरहेको छु, मन्त्रालयमा पनि छलफल चलाइरहेको छु । विदेशस्थित नियोगहरूमा पनि कुराकानी गरिरहेको छु । विदेशस्थित नियोगमा कर्मचारीले शुभलाभका नियतले दुःख दिएका छन् भने प्रमाणसहित पेश गर्नुहोस । कारवाही हुन्छ ।'

त्यसअघि मञ्चका उपाध्यक्ष गोविन्द कटुवालले मलेसियास्थित नेपाली दूतावासमा कार्यरत श्रम सहचारी सनमाया सम्तेलले डिमाण्ड प्रमाणीकरण गरी अपलोड गर्न प्रति कामदार १२ रिंगेट माग गरेको बताएका थिए ।

महानिर्देशक दाहालले व्यवसायीहरू समस्या समाधानमा इमान्दार हुन नसकेको भन्दै सचेत गराउन भने छुटाएनन् । उनले भने, 'समस्या आउनुलाई म अन्यथा मान्दिनँ । समस्या आउनासाथ समाधान गर्नु बुद्धिमानी हो, यहाँ उजुरी परेपछि पटक पटक व्यवसायीहरूलाई विभागमा बोलाएको तर व्यवसायीहरू सम्पर्कमा आउँदैनन् । सम्पर्कमा आउने,समस्या सुन्ने र समाधानमा अग्रसर हुनेहो भने धरौटी जरीवाना काट्न हामीलाई रहर छैन । विभाग व्यवसायीलाई पक्राउ गरेर थुनिहाल्ने निकाय होइन, छलफलमा विभाग आएको व्यवसायीलाई म थुनामा पठाउने छैन ।'

महानिर्देशक दाहालले विभागपनि व्यवस्थित हुन नसकेको बताए । 'यहाँ लिखितम्‌भन्दा बकितम बढी चल्ने रहेछ,' उनले भने, 'सबै विषयमा निर्देशिका हुनुपर्ने हो । तर यहाँ त्यस्तो प्रबन्ध रहेको पाइएन म सबै विषयको लिखित निर्देशिका बनाउने तयारीमा छु । त्यसले कर्मचारी र व्यवसायी दुवैलाई बाध्ने छ ।'

त्यसपछि एशोसियसनका पदाधिकारीहरू पुगे मन्त्री यादवको कार्य कक्षमा । मन्त्री यादवको बधाई तथा शुभकामना ग्रहण गरेपछि एशोसियसनका अध्यक्ष ढकाल, पूर्वअध्यक्ष विमल ढकाल र महासचिव भवानी निरौलाले वैदेशिक रोजगारका क्षेत्रमा रहेका समस्या राख्दै समाधानका लागि आग्रह गरे । मन्त्री यादवसमक्ष पनि व्यवसायीहरूले विदेशस्थित नेपाली दूतावासहरूले डिमाण्ड प्रमाणीकरणमा रहेको समस्या, फ्रि भिसा फ्रि टिकटको सरकारी निर्णयले उत्पन्न गराएको समस्या, म्यानपावर कम्पनीको लाइसेन्स नवीकरण गर्न प्रत्येक वर्ष म्यानपावर कम्पनीहरूले अनिवार्य रूपमासय जना कामदार वैदेशिक रोजगारीमा पठाएको हुनुपर्ने वैदेशिक रोजगार ऐन नियमावलीको व्यवस्था र पुनः विज्ञापन गर्नुपर्ने व्यवस्थाले अनावश्यक हैरानी पारेको विषय दोहोऱ्याए ।

एसोसियसन अध्यक्ष ढकालले सरकारी निकायका कारण वैदेशिक रोजगार अस्तव्यस्त रहेको, विगतका मन्त्रीहरूको सस्तो लोकप्रियतावादी निर्ण्यले सबैलाई समस्यामा पारेको भन्दै दुई करोड रुपैयाँ व्याजमा काडेर सरकारी खातामा धरौटी राखेपनि काम गर्न नपाएको भन्दै मन्त्री यादवको ध्यानकर्षण गराए । पूर्वअध्यक्ष विमल ढकालले मन्त्रालयमारहेको अस्तव्यस्ततार केही व्यवसायीमा रहेको बदमासीका कारण वैदेशिक रोजगारमा निरन्तर संकटमा रहेको भन्दै चाहेर पनि मन्त्रीको एक्लो प्रयासले समस्याहरूको समाधान नहुने भन्दै समस्या समाधानका लागि राष्ट्रिय सहमति निर्माण गर्न मन्त्री यादवलाई सुझाव दिए ।

मन्त्री यादवले आफू सुधारका लागि निरन्तर प्रयासरत रहेको व्यवसायीहरूलाई जवाफ दिए ।

आफू सबै पक्षमा सुधारको योजनामा रहेको भन्दै मन्त्री यादवले व्यवसायीहरूले गरिबी र विपन्न अवस्थामा रहेका कामदारहरूलाई छलछाम गरेर अनुचित तरीकाले विदेश पठाउन रोक्नुपर्ने जोड दिए।

उनले भने, 'नेपाली विदेशमा श्रम बेच्न जाँदा ऊ र परिवारले भोगेको पीडा व्यवसायीहरूले अन्तरहृदयबाट बुझेर व्यवहार गर्नुपर्छ । वैदेशिक रोजगारीमा जाने कामदारको त्यागको हामीले उच्च सम्मान गर्नुपर्छ, उसलाई कुनैपनि प्रकारले कानूनी दाउपेचामा पार्नु भएन । हातमा सीप छैन भने उसलाई वैदेशिक रोजगारीमा नपाठाऔं भन्ने मेरो मान्यता छ । यसमामा व्यवसायीहरू सचेत हुन मेरो आग्रह छ ।'

मन्त्रीले सुझाव संस्थागत लेखेर दिनसमेत एसोसिएसनलाई आग्रह गरेका छन् ।

## पूर्व ...

अनुसन्धान गर्न अख्तियार नै नभएकोले दुषित तवरबाट भएको अनुसन्धान र आरोपपत्र दायर गरेकै कारणबाट न्यायाधीश निलम्वन हुन सक्दैन । भष्टाचार निवारण ऐन, २०५९ बमोजिम न्यायाधीश स्वतः निलम्वन हुन पनि त्यसको अनुसन्धान र अभियोजन न्यायपरिषदबाट मात्र हुनुपर्छ ।'

न्यायाधीश गौतमले आफूमाथि मुद्दा चलाउने अख्तियारको गत माघ २२ गतेको निर्णय र आफूलाई निलम्बित गर्ने माघ २३ गतेको पत्र दूषित र पूर्वाग्रही भएको भन्दै न्यायाधीशको रुपमा काम गर्न दिन र आफूमाथिको कारबाही यथास्थितिमा राख्न अन्तिरम आदेश माग गरेका हुन् । न्यायाधीश गौतमले आफूविरुद्ध दायर भएको अभियोगपत्र, निलम्बन गर्ने पत्र र भविष्यमा हुने कारबाही अनधिकृत, गैरकानूनी भएकोले उत्प्रेषण आदेशले बदर गरी बहालवाला न्यायाधीश उपर अभियोजन गर्ने, आरोपपत्र दर्ता गर्ने र कारबाही नगर्नु नगराउनु भनी परमादेशको आदेश जारी गर्न पनि माग गरेका छन् ।

## नेपालको ...

ओभरमा पाँच रन दिँदै चार विकेट लिए जुन नेपाली खेलाडीको तेस्रो राम्रो बलिङ हो । अमेरिकाका लागि ओपनर जाभियर मार्शलले १६ रन बनाए भने अन्य कुनै पनि खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् । यसअघि भएको अर्को खेलमा पनि नेपालले अमेरिकालाई हराएको थियो । तर ओमानसँग भएका दुवै खेलमा पराजित भएको थियो ।

### नवनियुक्त आईजीपीको प्रतिवद्धता

# 'प्रहरीको भेषमा कुनै अवाञ्छित गतिविधि गर्दिनँ'

**काठमाडौं/मस-** नवनियुक्त प्रहरी महानिरीक्षक (आईजीपी) ठाकुरप्रसाद ज्ञवालीले अपराध नियन्त्रण र प्रहरी समायोजन वर्तमान समयमा प्रहरीका लागि चुनौती रहेको उल्लेख गर्दै उक्त चुनौती सामना गर्न प्रहरी संगठन तयार रहेको बताएका छन् । गृहमन्त्रालयमा बुधबार आयोजित विशेष समारोहमा गृहसचिव महेश्वर न्यौपानेबाट दर्ज्यानी चिह्न ग्रहण गर्दै उनले सो कुरा बताएका हुन् ।



मुलुक संघीयतामा गए पनि कानूनतः सबै प्रक्रिया संघीयतामा गइनसकेको उनको भनाइ थियो । संविधान कार्यान्वयन, नागरिकको अधिकार संरक्षण गर्न महानिरीक्षकको हैसियतमा आफू कटिबद्ध रहेको उल्लेख गर्दै प्रहरी महानिरीक्षक ज्ञवालीले गृहमन्त्रालयको मार्ग निर्देशनलाई अक्षरशः कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गरे ।

उनले अवाञ्छित र विध्वंसात्मक गतिविधि निस्तेज गरी कानूनको पालनामा आफूले कुनै सम्झौता नगर्ने प्रतिबद्धता जनाए । उनले समृद्धि, समुन्नत र सुशासनको क्षितिजमा उदाउँदै गरेको मुलुकको छेकवारलाई परास्त गर्ने विश्वास व्यक्त गरे । आजको जनउत्तरदायी युगमा प्रहरीले नागरिकको मन जितेर काम गर्नुपर्ने आवश्यकता रहेको बताउँदै उनले प्रहरीको भेषमा कुनै अवाञ्छित गतिविधि नगर्ने प्रतिबद्धता व्यक्त गरे । प्रहरी कर्मचारीको मनोबल उच्च राख्नमा नै आफ्नो ध्यान जाने उनको भनाइ थियो ।

**व्यक्ति केन्द्रित दौडमा नलाग्न गृहसचिवको निर्देशन**

उक्त समारोहमा गृहसचिव न्यौपानेले नागरिकको शान्ति सुरक्षा र अमनचयनमा सक्रिय हुन प्रहरी नेतृत्वलाई आग्रह गरे । प्रहरी संगठनको सक्रियताको कमिले आपराधिक क्रियाकलाप मौलाउन सक्नेतर्फ संकेत गर्दै उनले त्यसको समीक्षा गरेर अघि बढ्न निर्देशन दिए । उनले नेतृत्व परिवर्तन भए पनि कार्यसम्पादन सम्झौता उही रहेको उल्लेख गर्दै शान्ति सुरक्षामा कुनै सम्झौता नगर्न निर्देशन दिए ।

उनले प्रहरी अधिकारी व्यक्तिवादी भावना बढेकोतर्फ संकेत गर्दै आफूलाई सच्याउनु जरुरी छ भने । 'माथिल्लो तहमा प्रतिष्पर्धात्मक भावना बढी भएको छ, उछिन्न दौडनेभन्दा व्यावसायिक काममा ध्यान दिनुपर्छ, व्यक्ति केन्द्रित दौडले व्यावसायिकतामा कतै न कतै सम्झौता भएको छ,' प्रहरी अधिकृतलाई इङ्गित गर्दै गृहसचिव न्यौपानेले भने ।

प्रहरी समायोजन र आपराधिक गतिविधि निस्तेज पार्न केही चुनौती रहेको स्वीकार गर्दै उनले त्यसमा संगठनको व्यावसायिकता प्रदर्शन गर्दै सामूहिकरुपमा अघि बढ्नुपर्नेमा जोड दिए । उनले हालै मात्रै प्रहरीसम्बन्धी दुई विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भइसकेकाले अब छिट्टै आवश्यक प्रक्रिया अघि बढ्ने बताए ।

हरेक हप्ता गृहमन्त्रालयमा उच्च व्यवस्थापनको समीक्षा बैठक बस्ने जानकारी दिँदै उनले बैठकले सुरक्षाको क्षेत्रमा उत्पन्न हुने समस्या समाधानमा सहयोग गर्ने विश्वास व्यक्त गरे । प्रहरी कर्मचारीलाई उत्प्रेरित गर्नुपर्ने र अपराधलाई निस्तेज पार्नुपर्ने आजको आवश्यकता औँल्याउँदै उनले समृद्ध नेपाल निर्माणमा प्रहरीको भूमिका महत्वपूर्ण हुने बताए । गृहसचिव न्यौपानेले भने, 'शान्ति सुरक्षा कायम गर्न चुक्यौं भने समृद्ध राष्ट्र निर्माण अभियानमा असर पर्छ, यसतर्फ प्रहरी अधिकृतको ध्यानाकर्षण गराउनु चाहन्छु ।'

महानिरीक्षक ज्ञवालीले बुधबार नै प्रहरी प्रधान कार्यालयमा आफ्नो पदभार ग्रहण गरेका छन् । गृहसचिव महेश्वर न्यौपानेबाट दर्ज्यानी चिह्न प्राप्त गरेलगत्तै उनले कार्यकक्षमा पुगेर पदभार ग्रहण गरेका हुन् । उनलाई प्रहरी प्रधान कार्यालयमा प्रहरी अतिरिक्त महानिरीक्षक आशा सिंहसहित, प्रहरी नायब महानिरीक्षक, वरिष्ठ प्रहरी अधिकृत तथा जवानले स्वागत गरेका थिए । सोही क्रममा उनले प्रहरी प्रधान कार्यालय परिसरस्थित मन्दिरमा पूजाअर्चना गर्नाका साथै अमर प्रहरी स्मारकमा पुष्पहार र अमर प्रहरीप्रति श्रद्धाञ्जलि अर्पण गरे ।

मन्त्रिपरिषद्को मंगलबारको निर्णयले उनलाई बुधबारदेखि लागू हुनेगरी प्रहरी नायब महानिरीक्षकबाट प्रहरी महानिरीक्षकमा बढुवा गरेको थियो । उनको कार्यकाल जम्मा पाँच महिनाको छ । विसं २०४७ असार २५ गते प्रहरी निरीक्षक पदबाट प्रहरी सेवा प्रवेश गरेका प्रहरी महानिरीक्षक ज्ञवाली विसं २०५८ वैशाख १८ गते प्रहरी नायब उपरीक्षक, २०६६ मङ्सिर ३ गते प्रहरी उपरीक्षक, २०७३ असार २८ गते प्रहरी वरिष्ठ उपरीक्षक, २०७५ असोज २८ गते प्रहरी नायब महानिरीक्षक पदमा पदोन्नति भएका थिए ।

समाजशास्त्रमा स्नातकोत्तर गरेका प्रहरी महानिरीक्षक ज्ञवालीले विभिन्न ३३ राष्ट्रिय तथा अन्तर ष्ट्रिय तालीम लिएका छन् । प्रहरी महानिरीक्षक ज्ञवाली दुर्गम सेवा पदक, गद्दी आरोहण रजत पदक, संयुक्त राष्ट्रसंघ पदक, वीरेन्द्र ऐश्वर्य सेवा पदक, प्रहरी सेवा पदक, प्रबल जनसेवाश्रीलगायत पदक प्राप्त गरेका छन् । उनले उत्कृष्ट व्यावसायिक कार्य सम्पादन गरेबापत दर्जनौं नगद पुरस्कार तथा प्रशंसापत्रसमेत प्राप्त गरेको जनाइएको छ ।

# तीव्र गतिमा पूर्वाधार निर्माणका काम गर्न आवश्यक : उपप्रधानमन्त्री पोखरेल

**काठमाडौं/मस-** उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलले तीव्र गतिमा पूर्वाधार निर्माणका काम गर्न नसके सुखी नेपाली, समृद्ध नेपालको राष्ट्रिय आकांक्षा पुरा नहुने बताएका छन् । सडक विभाग र नेपाल सिमेन्ट उत्पादक संघले आयोजना गरेको 'सडक ढलान गरेर पिच गर्ने प्रविधिको उपयुक्तता' विषयक अन्तरक्रिया कार्यक्रममा उपप्रधानमन्त्री पोखरेलले यस्तो बताएका हुन् ।



अहिले सडक निर्माण गरेको १५ दिनमै भत्कने गरेको पाइएको बताउँदै उनले उपभोक्ताहरु समेत यस्तो प्रकारको पूर्वाधार निर्माणबाट आजित भइसकेको बताए । पूर्वाधार निर्माणाको गुणस्तर नहुँदा एक पक्षले अर्को पक्षलाई गाली गर्नुको सट्टा यो समस्यालाई समाधान गर्ने गरी सबै एकजुट हुनुपर्ने उनले बताए ।

व्यवसायीहरुका लागि राज्यले केही गर्नुपऱ्यो भनेर मात्रै नहुने भन्दै उनले गर्नुपर्ने कामहरु के के हुन सूची लिएर आउनुपर्ने बताए । 'गुणस्तरिय पूर्वाधार निर्माणमा के कुराले गाह्रो भयो ? सरकाले के गर्नुपऱ्यो ? यो कुरा धक नमानी प्रष्टसँग राख्नुपर्छ । ती आलोचना र सुझावहरुलाई सरकारले सकारात्मक रुपमा लिन्छ,' उनले भने । कर व्यवस्थापन, कच्चा पदार्थ, बजार व्यवस्थानका कुरामा सरकारलाई केही भन्नुपर्ने भए स्पष्ट तरिकाले राख्नुपर्ने उनले बताए ।

भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्री बसन्त नेम्वाङले अहिले स्थानीय तहहरुले ग्रामीण सडक निर्माणलाई प्राथमिकता दिइरहेको उल्लेख गर्दै यो प्रविधिको सदुपयोग हुनुपर्ने बताए । सडक कालोपत्रे गर्न ठूला उपकरण लैजान नसकिने, धेरै चौडाइका सडक निर्माण गर्न नसकिने स्थानहरुमा यो प्रविधि उपयुक्त हुने उनले बताए ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री मोतिलाल दुगडले निर्यातका लागि बजार खोज्न सहयोग गर्ने र अन्य कुराहरुमा समेत सिमेन्ट उद्योगहरुलाई विशेष सहुलियत दिलाउने प्रतिवद्धता व्यक्त गरे । नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष इञ्जिनियर ध्रुव थापाले नेपाल सिमेन्टमा आत्मनिर्भर भइसकेको बताए । भारतको भन्दा गुणस्तरिय सिमेन्ट उत्पादन समेत हुन थालेको उल्लेख गर्दै उनले विगत ३-४ वर्षयताको तथ्यांक हेर्दा औषतमा ११० प्रतिशतले गुणस्तरिय उत्पादन र उद्योगको विकास भएको बताए ।

# मतदातामैत्री मतदानस्थल बनाउन जरुरी : राष्ट्रपति

**काठमाडौं/मस-** राष्ट्रपति विद्यादेवी भण्डारीले निर्वाचनमा बढीभन्दा बढी मतदाता सहभागी गराउनुपर्नेमा जोड दिएकी छन् । निर्वाचन आयोगले आर्थिक वर्ष २०७५/७६ गरेका कामकारवाहीसहितको वार्षिक प्रतिवेदन बुधबार राष्ट्रपति भवन शीतल निवासमा ग्रहण गर्दै उनले निर्वाचनमा बढीभन्दा बढी मतदातालाई सरिक गराउनेतर्फ विशेष ध्यान दिन तथा मतदानस्थल र केन्द्रको निर्धारण पहुँचयोग्य स्थानमा कायम गरी मतदातामैत्री तुल्याउन सुझाइन् ।



उनले भनिन्, 'विशेषतः ज्येष्ठ नागरिक, अशक्त, अपाङ्गता भएका व्यक्ति, गर्भवतीका लागि मतदातामैत्री मतदानस्थल बनाउन आग्रह गर्दछु ।' राष्ट्रपति भण्डारीले निर्वाचनका माध्यमद्वारा लोकतन्त्रलाई संस्थागत एवं सुदृढ गर्न आयोगले निर्वाह गरेको भूमिकाको सराहना गर्दै उनले भौगोलिक विकटता रहे पनि कतिपय सम्पन्न एवं विकसित मुलुकको तुलनामा निर्वाचनमा नेपाली मतदाताको सहभागिता उल्लासपूर्ण रूपमा हुने गरेको सुखद् प्रसंग स्मरण गरिन् । 'यद्यपि अझै बढी मतदाताको सहभागिता सुनिश्चित गर्न थप काम गर्नुपर्ने खाँचो छ,' राष्ट्रपतिले थपिन् ।

सो अवसरमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचनसम्बन्धी एकीकृत कानून तर्जुमा, आयुक्तको रिक्तता, बेरुजुको फछ्र्योटको अवस्था, राजनीतिक दलको व्यवस्थापन, आयोगका जिल्लास्तरमा रहेका संगठन संरचना, संघीय संरचनानुसार प्रदेशस्तरमा निर्वाचन कार्यालयको आवश्यकता र निर्वाचन सूचना केन्द्रको स्थापना सञ्चालनबारे जानकारी दिएका थिए ।

नेपालको संविधानको धारा २९४ बमोजिम राष्ट्रपतिसमक्ष प्रस्तुत प्रतिवेदनमा आयोगको योजना, अनुगमन, समावेशीकरण तथा वैदेशिक सम्बन्ध, मतदाता नामावली तथा निर्वाचन सञ्चालन, निर्वाचन शिक्षा तथा तालीम, सूचना प्रविधि एवं प्रणाली व्यवस्थापन, कानून तथा राजनीतिक दल व्यवस्थापन र वित्तीय स्रोत परिचालनलगायत विषय समेटिएका छन् । प्रस्तुत प्रतिवेदन संवैधानिक प्रक्रियाबमोजिम प्रधानमन्त्रीमार्फत संघीय संसद्मा पेश गरिने छ । त्यस अवसरमा निर्वाचन आयुक्त नरेन्द्र दाहाल र ईश्वरीप्रसाद पौड्याल, आयोग तथा राष्ट्रपति कार्यालयका सचिव र राष्ट्रपतिका सल्लाहकारको उपस्थिति थियो ।

# गुन्डा नाइके लामा समातिए

**काठमाडौं/मस-** प्रहरीले गुन्डा नाइके मिलन लामालाई पक्राउ गरेको छ । महानगरीय प्रहरी वृत महाराजगन्जको प्रहरी टोलीले बुधबार काठमाडौंको चक्रपथबाट लामालाई पक्राउ गरेको हो । काठमाडौं टोखा, सामाखुसी र नुवाकोट जिल्लालाई आधार बनाई गुन्डागर्दी गर्ने लामा नुवाकोट शिबपुरि गाउँपालिका ३ का स्थायी बासिन्दा हुन् ।

काठमाडौंको टोखा-चन्डेश्वरी बस्ने ३७ वर्षीय लामामाथि थप अनुसन्धान भइरहेको महानगरीय प्रहरी वृत महाराजगन्जका डिएसपी उमेश लम्सालले जानकारी दिए । लामा पहिलेनै हातहतियार खरखजाना मुद्दामा २०६७ सालमा प्रहरी बृत बालाजु र २०७० सालमा ज्यान मार्ने उद्योग अन्तर्गत प्रहरी बृत महाराजगन्जले मुद्दा चलाई सजाय पाइससकेका अभियुक्त हुन् ।

# चितुवाको छाला र भालुको पित्तसहित पक्राउ

**काठमाडौं/मस-** संरक्षित वन्यजन्तु चितुवाको छाला र भालुको पित्तसहित दुईलाई प्रहरीले पक्राउ गरेको छ । महानगरीय अपराध नियन्त्रण महाशाखाको टोलीले काठमाडौं तारकेश्वरबाट पक्राउ गरी बुधबार सार्वजनिक गरेको हो । तारकेश्वर नगरपालिका-४ पुरानो गुह्येश्वरीमा अवैधरुपमा वन्यजन्तु चितुवाको छाला र भालुको पित्तको कारोवार हुँदैछ भन्ने खबर प्राप्त हुनासाथ मंगलबार महाशाखाको प्रहरी टोली त्यसतर्फ गएको थियो । उक्त स्थानमा गई खोजतलास गर्नेक्रममा वन्यजन्तुका अंगसहित नुवाकोट बेलकोट नगरपालिका-११ का २५ वर्षीय विकास तामाङ र नुवाकोट ककनी गाउँपालिका-४ का सुवास लामालाई पक्राउ गरिएको महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक सहकुलबहादुर थापाले जानकरी दिए ।

उनीहरुसँग खानतलासी गर्दा संरक्षित चितुवाको छाला एक थान र भालुको पित्त बरामद गरिएको उनले बताए । उनीहरुले बिक्री गर्ने उद्देश्यले आफ्नो साथमा बोकी हिँडिरहेका बेलामा प्रहरीले पक्राउ गरेको हो । उनीहरुलाई राष्ट्रिय निकञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अन्तर्गत आवश्यक अनुसन्धान भइरहेको महाशाखाले जनाएको छ ।

# चोरिएको मोटरसाइकलसहित पक्राउ

**काठमाडौं/मस-** सूचना पाएको आधा घण्टामै चोरिएको मोटरसाइकलसहित एकलाई प्रहरीले पक्राउ गरेको छ । काठमाडौंको दरबारमार्गबाट मंगलबार राति हराएको मोटरसाइकल बिहान ३:०० बजेको समयमा कलङ्कीमा फेला परेको महानगरीय ट्राफिक प्रहरी महाशाखाले जनाएको छ । पक्राउ पर्नेमा गोरखाका मिलन न्यौपाने रहेका छन् ।

महाशाखाका प्रहरी उपरीक्षक जीवनकुमार श्रेष्ठले सूचना प्राप्त भएको आधा घण्टाको समयमा नै हराएको मोटरसाइकल फेला परेको जानकारी दिए । 'हामीलाई बा ४८ प ६१८६ नम्बरको स्कुटर हराएको भनेर दरबारमार्गस्थित ट्राफिक प्रहरीमा सूचना आयो, सबै मातहतका युनिटलाई तत्कालै खबर गऱ्यौं, कलङ्कीमा बसेका ट्राफिक प्रहरीले मोटरसाइकलसहित मानिसलाई पक्राउ गर्न सफल भए,' श्रेष्ठले भने ।

# 'जैविक विविधताको जगेर्ना गर्नु सबैको कर्तव्य'

**काठमाडौं/मस-** सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणबाबु थापाले राष्ट्रको अमुल्य सम्पत्तिको रुपमा रहेको वन्यजन्तु तथा जैविक विविधताको जगेर्ना गर्नु सबैको कर्तव्य रहेको बताएका छन् । बुधबारदेखि शुरु भएको सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हल्चोक स्वयम्भुमा वन र वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी प्रशिक्षक प्रशिक्षण (टिओटि) तालिमको उद्घाटन गर्दै सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक थापाले सशस्त्र प्रहरी बलका राष्ट्रसेवकहरु राज्यले सुम्पियको जिम्मेवारी निर्वाहमा उच्च मनोवलकासाथ क्रियाशिल रहेको समेत उल्लेख गरे ।

सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक थापाले वन र वन्यजन्तु अपराध नियन्त्रणका लागि सहयोगि सिद्ध रहने यस्ता तालिमहरु नियमित रुपमा संचालन गरिदा अपेक्षाकृत उपलब्धी हासिल हुन मद्दत पुग्ने चर्चा गर्दै सशस्त्र प्रहरी बल नेपालले वन्यजन्तुको चोरीसिकासी एवं वन्यजन्तु अपराध नियन्त्रणमा सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गर्दै कार्यसम्पादन गरिरहेको बताए । उनले प्रशिक्षार्थीहरुले तालिमबाट प्राप्त ज्ञान र सीप आफू मातहतकालाई समेत सिकाउँदै कार्यक्षेत्रमा उत्कृष्ट कार्यसम्पादनमा जुट्ने विश्वास व्यक्त गरे ।

सोही अवसरमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक एवं केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण ईकाइका संयोजक गोपालप्रकाश भट्टराईले तालिमको महत्वमाथि प्रकाश पार्दै जैविक विविधतामा धनी रहेको देश नेपालमा वन्यजन्तु संरक्षणमा रहेको चुनौती सामना गर्नको लागि सम्वद्ध विभिन्न निकायहरुसँग समन्वय गर्दै आफुहरु अगाडि बढिरहेको बताए । उनले जैविक विविधता र वन्यजन्तुको संरक्षण पर्यावरणीय सन्तुलनका लागि समेत महत्वपूर्ण रहने चर्चा गर्दै यसको संरक्षणका लागि सामूहिक प्रयास अपरिहार्य रहने बताए ।

सशस्त्र प्रहरी बल नेपाल र केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण ईकाइको आयोजनामा तीन दिनसम्म संचालन हुने उक्त तालिममा सशस्त्र प्रहरी नायव उपरीक्षक ५ जना र सशस्त्र प्रहरी निरीक्षकहरु ३० जना गरी कुल ३५ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको छ ।


तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com




राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.

G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# विद्रोहको रजत वर्ष

आज फागुन एक गते । पञ्चायती शासन प्रणालीको अन्त्य गर्दै बहुदलीय व्यवस्थाले सात वर्ष पार नगर्दै तत्कालीन नेकपा माओवादीले विद्रोह घोषणा भएको२५ वर्ष भएको छ । यो २५ वर्षमा दरबार हत्या काण्ड, जनयुद्ध, दोस्रो जनआन्दोलन, राजतन्त्रको अन्त्य, मधेश विद्रोह, आदिवासी जनजाति आन्दोलन, संविधानसभा गठन,संविधान निर्माण, गणतन्त्रको स्थापना र संघीय संरचना स्थापना भएको छ । यो २५ वर्षमा भएका राजनीतिक परिवर्तन नेपालको इतिहासले मेट्न सक्ने छैन । प्राप्त उपलब्धी फेरि गुम्न अथवा गुमेका व्यवस्था पुनर्स्थापना पनि हुन सक्ला, तर इतिहासले यी घटनाक्रम कहिल्यै नमेटिनेगरी लेखिसकेको छ ।

यो २५ वर्षमा संसदीय व्यवस्था विरूद्ध हतियार उठाएको माओवादी फेरि एउटा संसदीय पार्टीमा रूपान्तरण भइसकेको छ । माओवादी विद्रोहको नेतृत्वकर्ता पुष्पकमल दाहाल प्रचण्ड अहिले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का कार्यकारी अध्यक्ष छन् । उनकै भाषामा अहिले माओवादी बिघटन भएर नेकपा बनेको छ । २०६४ र २०७० को संविधानसभा निर्वाचन र २०७४ को प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनमा भाग लिंदै प्रचण्ड'बुलेट' होइन, 'ब्यालोट' मार्फत् सत्तारूढ दलको अध्यक्ष बनेका छन् । अब उनकै लागि पनि त्यो २५ वर्ष अगाडिको विद्रोह 'नोस्टाल्जिक' बन्न पनि सक्ला ।

तर, यही विद्रोहका क्रममा १७ हजार नेपालीको ज्यान गएको छ । तत्कालीन विद्रोहीका लागि प्राणको आहुती दिने 'शहीद' हुन् अथवा राज्य संयन्त्र जोगाउन बीरता प्रदर्शन गर्दा बीरगति प्राप्त गर्ने सुरक्षाकर्मी हुन्, उनीहरू नेपाली नै हुन् । उनीहरूलाई राज्य संयन्त्रले कसरी सम्झन्छ ? त्यो राज्यकै कुरा भयो । तर, ती १७ हजारका परिवारले पुस्तौंसम्म यो तथ्य भुल्ने छैनन् । सँगै, देशमा जुन तहको परिवर्तन भयो र जस्तो व्यवस्था अपनाइएको छ; यो उनीहरूकै प्राणमाथि उभिएको छ । अहिलेका सत्तारूढनेताहरूलाई हेरेर कतिपयले त्यो बलिदानको अवमूल्यन भएको टिप्पणी गर्छन्, कतिपयले व्यवस्था बदलिए पनि प्रवृत्ति उस्तै रहेकाले ती बलिदानको अनर्थ हुन पुगेको निष्कर्ष निकाल्ने गरेका छन् ।

तर भुल्नै नहुने वास्तविकता भने अहिलेको व्यवस्था र राज्य संरचना निर्माण हुनुमा त्यो २५ वर्ष अगाडिको विद्रोह महत्वपूर्ण परिघटना हुन् । नेपालका राजनीतिक वृत्तले यसतर्फ गम्भीर हुन जरूरी हुन्छ । किनभने, यदि विद्रोह गलत नै थियो भन्ने निष्कर्ष निस्के पनि त्यसको आधार फेरि पनि तत्कालीन राजनीतिसँग निरपेक्ष निस्कन्न । अझ त्यो विद्रोहको नेतृत्वकर्ताले यो २५ वर्षको निर्मम समीक्षा गर्न जरूरी छ । किनभने, इतिहासको समीक्षा नगरी भविष्यको मार्ग कोरिन्न ।

# दलित आन्दोलनको औचित्य



■ मिमबहादुर परियार

> विडम्बना ! दलितको प्रतिनिधित्व गरेका दलित नेता पार्टीको असल कार्यकर्ता भएर मार्क्सवाद, माओवाद, समाजवादको मन्त्र जप्न मात्र माहिर देखिएका छन् ।

नेपालका हरेक राजनीतिक आन्दोलनमा दलित समुदायको अतुलनीय योगदान छ। आधुनिक नेपाल एकीकरणमा होस् वा १० वर्षीय जनयुद्ध । २०४७ सालको प्रजातान्त्रिक आन्दोलन होस् वा २०६२र६३ को जनआन्दोलन । प्रजातन्त्र तथा गणतन्त्र स्थापनाका लागि भएका हरेक राजनीतिक लडाइँमा दलित समुदायको सहभागिता तथा बलिदान भएको छ । यसरी देशका लागि भएका हरेक राजनीतिक आन्दोलनमा बलियो उपस्थिति देखाएका दलित समुदाय आफ्नै अधिकार प्राप्तिको दलित आन्दोलनमा भने कमजोर देखिएको छ। दलित नेता तथा अधिकारकर्मी ७ दशकदेखि दलित दधिकारका लागि आवाज उठाउँदै बेलाबखत जुर्मुराउने गरेका भए पनि सशक्त संघर्षको निरन्तरता हुन नसक्दा प्रतिफल प्राप्त हुन सकेको छैन ।

आरक्षणविरोधी जमातले भनेजस्तै समाजमा सबै समान भइसके त ? कदापि छैन । अहिले पनि दलितका गाईभैंसीको दूध बिक्री हुँदैन । दलितले होटल व्यवसाय गर्ने वातावरण बनिसकेको छैन ।

मुलुकका हरेक राजनीतिक दलमा दलित भ्रातृ-संगठन छन् । जसले राजनीतिक वृत्तमा दलित नेताको सहभागिता राम्रै देखिएको हो । साथै संविधानको समावेशी नीतिअनुसार प्रशासनिक, न्यायिक र व्यवथापिकाजस्ता राज्यका महत्वपूर्ण अंगमा दलितको प्रतिनिधित्व देखिन थालेको छ । दलित अधिकारकै लागि संवैधानिक अंगका रूपमा दलित आयोग स्थापना भएको छ । राष्ट्रिय राजनीतिक दलले केन्द्रीय कमिटीमा दलित प्रतिनिधि अनिवार्य हुनुपर्ने प्रावधानले पनि दलभित्र दलितको उपस्थिति देखिएको छ । तर दलितका मुद्दामा भने दलित प्रतिनिधिको भूमिका सशक्त देखिँदैन । आफ्ना पार्टीको केन्द्रीय कमिटीमा सायदै त्यस्ता दलित होलान्, जसले दलितका मुद्दामा बहस गरेका तथा नोट अफ डिसेन्ट लेखेका होउन् । दलित समुदायका तर्फबाट प्रतिनिधित्व गरेर मौन किन र केका लागि ? जवाफ दलितका नेताले दिनुपर्छ ।

दलितका नेताले आफ्ना समुदायको मुक्तिका लागि राजनीतिक तहमा के-कस्ता भूमिका निर्वाह गरे भन्ने कुरा २०७२ को संविधानले देखाउँछ । किनकि जुन संविधानमा दलितका धेरै हक-अधिकार कटौती गरिएका छन् । बरु २०६३ सालकै अन्तरिम संविधानमा दलितका लागि अहिलेभन्दा धेरै अधिकार राखिएका थिए । तर अहिलेको संविधानले समावेशीकरणको खोल ओढाएर दलित समुदायलाई रनभुल्लमा राखेको प्रस्ट भएको छ । गत साउनमा प्रकाशित लोकसेवा आयोगको विज्ञापनमा आरक्षण कोटा धेरै कटौती गरियो । केही जनजाति तथा दलित संगठनले विरोध प्रदर्शन गरे पनि सुनुवाइ भएन । सत्तारूढ र प्रतिपक्षी दलका दलित नेताबाट यस सवालमा कुनै सशक्त कदम चालिएन । फलतः मिचिएको समावेशी अधिकार मिचिएको मिचियै भयो ।

हिजोआज गैरदलित समुदायले दलित तथा अन्य सीमान्तकृत समुदायलाई छुट्याइएको आरक्षणप्रति आपत्ति जनाउने र बेलाबखत विरोधै प्रदर्शनसमेत गर्ने गरेको देखिन्छ । धेरै गैरदलित, विशेषगरी तागाधारी समुदायका केही समान्तवादी मानसिकता भएकाले अब पहिलाको जस्तो विभेद छैन, कहाँ छ र छुवाछूतजस्ता प्रश्न गर्छन् । अनि भन्छन्, 'आरक्षणको आवश्यकता छैन, यो तत्काल खारेज गरिनुपर्छ ।' यस्तो जमात बढ्दै जाने र दलित नेता चुप लाग्ने क्रम जारी रह्यो भने विगतमा गरिएको विभेदको क्षतिपूर्तिबापत राज्यबाट उत्पीडित समुदायका लागि प्रदान भइरहेको आरक्षणजस्ता विशेष व्यवस्था खारेज नहोलान् भन्न सकिन्न ।

आरक्षणविरोधी जमातले भनेजस्तै समाजमा सबै समान भइसके त ? कदापि छैन । अहिले पनि दलितका गाईभैंसीको दूध बिक्री हुँदैन । दलितले होटल व्यवसाय गरेर जीविकोपार्जन गर्ने वातावरण बनिसकेको छैन । अझै देशका गाउँगाउँमा दलितले धारा, कुवा, इनारबाट सहज रूपमा पानी भर्न पाउँदैनन् ।

यसर्थ दलित समुदायका लागि राजनीति गर्ने नेताले के बुझ्न आवश्यक छ भने आम राजनीतिक कर्याकर्तालाई जस्तो उनीहरूलाई पार्टीको झन्डा बोकेर पार्टीगत सिद्धान्त मात्र फलाक्ने छुट छैन । तिनलाई दलितका तर्फबाट राजनीतिमा ठाउँ दिनुको अर्थ त दबाइएका दलित समुदायको अधिकार र सम्मान प्राप्तिको आवाज बुलन्द पार्न हो । दलितका मुद्दालाई केन्द्रीय राजनीतिमा पुर्याउन हो ।

विडम्बना ! दलितको प्रतिनिधित्व गरेका दलित नेता पार्टीको असल कार्यकर्ता भएर मार्क्सवाद, माओवाद, समाजवादको मन्त्र जप्न मात्र माहिर देखिएका छन् । प्रायः दलित नेता राजनीतिक दलको समावेशी प्रतिनिधिको कोटा भर्न पार्टीमा बसेको देखिन्छ । दलितका नेताले दलित अधिकारका लागि रचनात्मक भूमिका कहिले निर्वाह गर्ने ? कि त्यो पनि गैरदलित नेताले सिकाउनुपर्छ ? पार्टीको झन्डा बोक्ने राजनीति मात्र गर्ने उद्देश्य हो भने दलितका नाममा होइन, खुला तरिकाले राजनीति गर्नु राम्रो ।

सत्ता, पद र शक्ति पाएका दलित नेताहरूले राजनीतिक आरक्षणको सदुपयोग गरेको देखिँदैन । दलित समुदायका लागि प्रभावकारी भूमिका खेलेको पाइँदैन । स्थानीय तहमा दलित प्रतिनिधिको हालत उस्तै छ । दलितका मुद्दामा दलित प्रतिनिधिको रायबेगर गैरदलित जनप्रतिनिधिले आफूखुसी निर्णय गरेको, दलित प्रतिनिधिलाई बहिष्कार गरेको समाचार बेलाबेला सार्वजनिक हुने गरेका छन् । यस्तो अवस्थामा नाम मात्रको पदको के काम ? जनप्रतिनिधिको यस्तो अवस्थामा केन्द्रमा प्रतिनिधित्व गर्ने दलित नेताले राजनीतिक अडान कहिले लिने ? निर्वाचनबाट चुनिएका जनप्रतिनिधिलाई त यस्तो विभेद हुन्छ भने आम दलितको अवस्था कस्तो होला ? यी प्रश्नका उत्तर दलितको नेता हुँ भन्नेहरूले दिनुपर्छ ।

प्रायः दलित नेताको मुख्य समस्या भनेको राजनीतिक दल तथा तिनका नेताको 'एस म्यान' हुनु हो । एसम्यान भएबापत दलितका नेताले केही समयका लागि पद र सत्ता पाउलान् तर वर्षौदेखि आफ्नो समुदायले भोगिरहेका समस्या समाधान होला ? आफ्नो समुदायका अधिकार कटौती हुँदा पनि किन मौन ?

**दलित-दलितबिच एकता अभाव**

दलित-दलितबिच अन्तरद्वन्द्व रहेको तीतो यथार्थ जगजाहेर छ । अझैसम्म दलित-दलितबीच सामाजिक-सांस्कृतिक एकता छैन । दलित समुदायकै जातिबीच विभेदका घटनाले समग्र दलित आन्दोलनलाई कमजोर बनाइरहेको छ । 'विभेद अन्त्य भइसकेको छ, आरक्षण खारेज गर्नुपर्छ, दलितभित्रै विभेद छ' जस्ता कुतर्कको एक मात्र उत्तर हो- दलित एकता ।

**दलमा विभाजित दलित नेता**

दलित नेताहरू विभिन्न राजनीतिक दलभित्र बाँडिएका छन् । विशुद्ध पार्टी कार्यकर्ता भएका छन् । अहिले दलित आन्दोलनको अवस्था सन्तोषजनक छैन । आजका दिनसम्म दलितका मुद्दा उही छन्, समस्या र पीडा उस्तै छन् । दलित आन्दोलनले राज्यलाई कहिले चुनौती दिन सकेन । साँच्चै भन्ने हो भने शासक वर्ग दलित आन्दोलनप्रति अझै अनभिज्ञजत्तिकै देखिन्छ । यस्तो अवस्थामा आम दलितले दलित आन्दोलन कोमामा रहेको महसुस गर्न थालेका छन् । दलित आन्दोलन केवल अस्तित्वमा सीमित देखिन्छ । अब सम्पूर्ण दलित नेताले पार्टीगत लोभलालच त्यागेर दलित समुदायको उत्थान र मुक्तिका लागि आन्दोलनको आँधीबेहरी ल्याउन जरुरी छ । जसले राज्यको मिचाहा प्रवृत्तिलाई चुनौती दिन सकोस् ।

## सामाजिक सञ्जाल



गोकुल बाँस्कोटाले खोके पनि समाचार बनाउने सरकारी सञ्चारमाध्यमहरू प्रधानमन्त्री उपस्थित भएको कार्यक्रमको फोटोसमेत हाल्दैनन् ।

**- विपेन्द्र कार्की**



जिन्दगीको अनेक पलमा भेटिएकारठोकिएका सबै मान्छेहरू मेरा लागि पुस्तक हुन् त्यसैले कसैप्रति केहि गुनासो रहँदैन् ।

**- पवन वर्षा शाह**



नेकपाका दस्तावेजमा महिला शशक्तिकरण लेखिएका कुनै पाना भए पहिले त्यो च्यातिदिनु । स्वस्थानी च्यात्दै गरौंला । धन्यवाद

**- काग दाइ**



दिल्लीमा आपले जित्दा दिल्लीबाट सिकौं भन्ने, अनि खोइ त तपाईहरूसँग केजरिवालका जस्ता मुद्दा ? भन्दा दिल्ली र यहाँको कुरोरअवस्था बेग्लै हो रे ।

**- लक्ष्मण कार्की**



विद्युतीय प्रणालीबाट सामान किन्दा तिरेको पैसाको १.१५ प्रतिशत फिर्ता हुने बुझियो । कम्तीमा १ हजारको कारोबार भनेको एउटै वस्तु त्यतिको हुनुपर्ने हो वा धेरै थरी वस्तु एकै पटक किन्दा पनि हुने हो ?

**- रमेश घिमिरे**

## लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# दलित बौद्धिकतामाथि विमर्श



रमेश विश्वकर्मा

हिन्दु समाजमा प्रत्येक वर्ष भाद्र पदमाहको शुक्लपक्षाको चतुर्थीमा विश्वकर्मा पूजा गरिन्छ । विश्वकर्माको सम्बन्ध वास्तुसँग भएको कारण फलाम, काठ, सुन चाँदीसँग सम्बन्धित सबै साधनहरुको पूजा गरेर विश्वकर्मा पूजा मनाउने गरिन्छ । विश्व पुराणको पहिलो अंशमा भगवान विश्वकर्मालाई वास्तु कलाको जनश्रीको रुपमा उल्लेख गरिएको छ । अझै अगाडी भनिएको छ,-'विश्वकर्मालाई दैवी युगका इन्जिनियर भनेर प्रष्ट्याएको छ ।

दैवीयुगका इन्जिनियर विश्वकर्माले जलयोगको निर्माण गरेको पनि किंवदन्ती छ । यतिमात्र होइन हिन्दु धर्म शास्त्रमा द्वारिका, हस्तिनापुर, इन्द्रप्रस्थ, सुधामापुरी, रावणको श्वर्ण नगरी लंका र स्वर्ग पनि विश्वकर्माले नै निर्माण गरेको उल्लेख छ ।

विष्णुको चक्र, शिवको त्रिशुल, कर्णका कुण्डल र यमराजको कालदण्ड पनि विश्वकर्माले नै निर्माण गरेको शास्त्रमा आख्यान गरेको पाइन्छ । त्यसैले भगवान विश्वकर्मालाई वास्तुकलाका आदित्य आचार्यको नामले पनि पुकारिन्छ ।

सत्य युगमा राजाहरु धर्मादेशको पालक थिए । धर्मले दिएको आदेशमा राजा राज्य गर्थे । ऋषिमूनिको सल्लाह राज्यको कानुन हुन्थे । ऋषिमुनिहरुले धर्मको जे व्याख्या गर्थे राजाले त्यहि शूक्तिलाई कानुनिक मान्यता दिन्थे ।

राजाहरु धर्मको आदेशभन्दा एक इन्च पनि दायाँ बाँया चल्न पाउँदैन थिए । मानिसले समाजका अगाडी इश्वरीय शक्ति र धर्मलाई मात्र देख्दा समाजका विभिन्न काल खण्डमा संघर्षहरु भए । संघर्षमा हार्नेहरु उत्पीडनमा पर्दै गए । राज्यले उत्पीडन र विभेदलाई सस्कृतिसँग र सस्कारसँग जोड्दै गयो । कालन्तरसम्म राज्यका विधिहरु पनि असमान रुपमा विकास हुँदै गए ।

राजा रामले धर्मादेशको पालना गर्ने नाममा शुद्र जातीका गुरु समुखको बध गरेको हिन्दु धर्म शास्त्रमा उल्लेख गरिएको छ। हिन्दु धर्मले शास्त्रको अध्यायन, वेदको जप र तप गर्नु ब्राहमणको एकल पेशाको रुपमा विकास गर्यो ।

संघर्षका विभिन्न कालखण्डमा राज्य र समाजको विभेद र उत्पीडनमा परेको समुदायलाई शास्त्रको अध्यायनबाट बन्चित गरियो । सत्य युगकालिन राजा रामको राज्यमा शुद्र जातीका समुखमहर्षी ऋषिले धर्मशास्त्रको अध्ययन र तप गरेकै कारण हत्या भएको किंवदन्तीले सत्य युगमा पनि समाजमा विभेद विद्यमान थियो भन्न सकिने आधारहरु छन । यस पश्चात इतिहासले निर्माण गरेको नजिरलाई उल्लंघन गर्ने हिम्मत कुनै उत्पीडित वर्ग जातिले गर्न सकेन । उत्पीडित वर्गहरु शासनको मुल प्रवाहमा आउन नसक्दा सामाजिक उत्पीडनका पर्खालहरु भत्काउन सकिएन । बरु धर्म र वर्गका आडमा समाजमा विभिन्न नामका सामाजिक उत्पीडनका श्रृंखलाहरु बढ्दै गए ।

द्वापर युगमा पाण्डु पुत्र अर्जुन आफू एक महान धर्नुरधन बन्न चाहान्थे, अर्जुनको धम्कीलाई सहन नसकेर महर्षि द्रोणाचार्यले एकलभ्यको औलागुरु दक्षिणाको रुपमा मागे । यस पश्चात शुद्र जातिले कहिल्यै एक लव्य बन्ने साहस गर्न सकेन । उत्पीडितहरु दैविक कालबाटै शिक्षा र बौद्धिकता बाट बन्चित भएको भएको प्रष्टिन्छ ।

बौद्धिकता समाजको सच्चा आवाज हो । आधुनिक समाज होस वा परम्परागत समाज, धनी समाज होस वा गरिव समाज, उपल्लो जाती होस वा तल्लो जातीको । समाजले कुनै न कुनै समुहलाई बौद्धिक समाजको रुपमा स्वीकार गरेको हुन्छ । राज्यले पनि निश्चित समुदायलाई राज्यको क्रिम नागरिकको उपमाको रुपमा विकास गरेको हुन्छ ।

भलै नेपालको बौद्धिकतामा दासबौद्धिकता हावि भएको छ । राज्यलाई जब गाह्रो अप्ठयारो पर्दछ, बौद्धिक समुदाय वा समुहको आवश्यकता पर्छ । बौद्धिक जगतको रचनात्मक आलोचना र सृजनात्मक सल्लाहकै आधारमा राज्य वा सरकारका गतिविधिहरुलाई जनमुखी बनाउने हो । यति मात्र होइन राज्यलाई कहिले काहि आलोचनात्मक सल्लाहको पनि अतावश्यकता महसुस हुदाँ बौद्धिक समुदायको रचनात्मक विचारको प्रतिक्षा राज्यले गर्छ । वैदिककाल देखि नै राज्य सल्लाहकारको रुपमा निश्चित व्यक्तिलाई राख्ने परम्परा चलिआएको छ । प्राचिनतादेखि आधुनिकता र पश्चिमादेखि पूर्वीय दर्शनमा विकास भएको बौद्धिकता पछिल्लो समय राज्य र समाजको सम्पत्तीको रुपमा विकास भएको छ ।

तर, हिन्दु धार्मिक समाजद्वारा विद्यालाई धर्मग्रन्थको ज्ञान आर्जनको क्षेत्र भित्र सिमित पारियो । वेद, पुराणको अध्ययन नै हिन्दु राज्यको शिक्षा बन्यो । जसले शास्त्रको अध्ययन गर्ने अवसर पाए । त्यो समाज वा जाती शिक्षित, बौद्धिक जाती र समाजको रुपमा विकास हुदै गए । हिन्दु राज्य र समाजमा बौद्धिकताले स्वतस्फूर्त रुपमा विकास हुने अवसर पाएन । सदियौदेखि उत्पीडनमा परेको समुदायले बौद्धिकताको महत्वका सवालमा बुझ्नै सकेको पनि देखिँदैन ।

के दलित पनि बौद्धिक हुन्छन ? हाम्रो समाजले, राजनितिले, चेतनाले अझै दलितहरुका सवालहरुलाई गम्भिर रुपमा किन ग्रहण गर्दैन? दलितहरु तार्किक रुपमा कमजोर, शैक्षिक रुपमा पछाडी भएकै कारणले भएका होइन ?

वैदिक समाज शिक्षाको सवालमा कठोर थियो, वेदमा आधारित वैदिक शिक्षालाई सामाजिक सिस्टमले केवल अभिमानि वंश र जातीलाई मात्र शास्त्र वा शिक्षामा अनुमति दिएको थियो ।

जुन समाज र वंशले शास्त्र अध्ययनमा अनुमती पाए तिनीहरु समाजमा उच्च जाती र उच्चवर्ग तथा बौद्धिक वर्गको रुपमा विकास हुँदै गए, जुन समाज र वंशलाई शास्त्रअध्यायन बाट बन्चित गरियो ती समाज र वंशको बौद्धिकता विकासबाट बञ्चित भए । इतिहासका कयौं काल खण्डहरुमा, धर्मग्रन्थका कयौं पृष्ठहरुमा, महाभारत, रामायणका कैंयौ घटित पर्वहरुमा यस्ता कृत्यहरु मञ्चन भएको देखिन्छ ।

हिन्दु समाज भित्रको मुख्यतः दलित समुदाय यहि मियोमा सदियौँदेखि मिचिएको समुदायको रुपमा विकास भयो । समाजको यहि सिस्टमका कारण इतिहासका काल खण्डमा दलित समुदायले क्रुर उत्पीडन सहनु पर्‍यो ।

अहिलेको नेपाली राजनीति, सामाजिक सवाल र समाजले कुनै विषयका सवालमा कार्यक्रम वा समारोह हुँदा दलित प्रतिनिधिहरुको बोली, विचार र योजनाले खासै महत्व पाउँदैन । दलित समुदायले भोगेको उत्पीडनका कुरा कुनै बौद्धिकताको पगरी गुथेका मनुले बोल्दा राज्यका संरचना र सञ्चार मध्यमले प्राथमिकता दिन्छ । तर, जसले हजारौ वर्ष देखिको उत्पीडन सहेर समाजमा संघर्षशिल जीवन विताई रहेको उत्पीडित योद्धाले बोल्दा महत्व पाउँदैन ।

उत्पीडनका सवालमा, छुवाछुतका सवालमा, अधिकारका सवालमा एउटा दलित लेखकले लेख्दा संञ्चार माध्यमहरुले महत्व र चासो राख्दैनन्, स्थान पाउदैन । हिन्दु सभ्यताभित्र विकास भएका राज्य र राज्यले निर्माण गरेका प्रत्येक संरचनाले हामी बाँचेको सताब्दिको यो दशकसम्म पनि दलित मुद्धालाई समस्याका रुपमा स्वीकार गर्न सकेन । दलित समुदायका व्यक्तिलाई बौद्धिक व्यक्तिको रुपमा स्वीकार्न नसकेको तितो यर्थाथता यहि हो ।

हिन्दु समाज भित्रको दलित समुदाय उत्पीडित वर्गको आधारभूत वर्ग हो । अहिलेको समयको राजनीतिक र सामाजिक आन्दोलनको प्रमुख समाजमा विद्यमान छुवाछुतको मुद्धा हा । दलित समुदायले भोगेको सामाजिक व्यवहारको मुद्धा हा । आर्थिक र राजनीतिक असमानताको मुद्धा हो । तर, आधुनिक समाजसँगै यस्ता सामाजिक दुरासय र व्यवहारहरु कमजोर हुँदै जानु पर्नेमा शिक्षित समाज भित्र दलित समुदायले प्राप्त गरेको शिक्षा र प्राप्त गरेको संवैधानिक अधिकार टाउको दुखाइको विषय किन बन्दै छ ।

त्रेता युगको विशाल धर्मयुद्ध, द्वापर युगको भिषण भरत वंशिय शक्ति संघर्षले तत्कालीन समाजको संरचनामा के प्रभाव पार्यो र वर्ग तथा जातिहरुको विकास कसरी भयो, उत्पीडित समुदायका सवालमा अधयन गर्ने सिंगो तप्का र दलित अध्याताले अनुसन्धान गर्नुपर्ने विषय बनेको छ ।

शिक्षाको प्रभाव अन्तः समाजमै पर्छ । शिक्षाको महत्व मानव सभ्यतका विभिन्न काल खण्डमा थियो र छ । प्राचिनतामा शिक्षा र ज्ञानलाई समाजको उपल्लो जाति र वर्गको अधिनस्त बनाइयो भने उत्पीडित र विभेद्ध अरुलाई ज्ञान प्राप्त गर्ने अधिकारबाट विमुख गराइयो ।

इतिहासले दलित समुदायलाई श्रमजीवि वर्गको रुपमा सिद्ध गरिसकेको छ, यतिमात्र होइन दलित समुदायले सिंगो समुदायलाई शिल्पी, कर्मी र धातु वैज्ञानिकको रुपमा प्रमाणित गरिसकेको छ ।

इतिहासका प्रत्येक सामाजिक संघर्षमा सहभागी बनेको दलित समुदायको क्षमता र बौद्धिकता माथी अहिलेको राज्य, राज्यनिर्मित संरचना र राज्यको व्यवहारमा गुणात्मक परिवर्तन ल्याउँदै दलित समुदायको बौद्धिक क्षमताको मुल्यांकन गर्नैपर्छ । राज्यका संरचनागत व्यावहारले दलित समुदाय कभित्रको बौद्धिकतालाई हेयको दृष्टिले होइन सम्मानको दृष्टिको रुपमा विकास गर्न जरुरी छ ।

# यतीसँग सति जानुको कारण के हो ?

## ‘सिंहदरबार छिर्न पास लिनुपर्ने व्यवस्था हटाऔं’



**काठमाडौं/मस–** सरकारसँग सांसदहरुले यती ‘होल्डिङ’बारे श्वेतपत्र जारी गर्न माग गरेका छन् । प्रतिनिधिसभाको बुधबारको बैठकको शून्य समयमा सांसदहरुले यती समूहसँग सरकार सति जानुको कारण के हो भनी प्रश्न समेत गरेका छन् ।

सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सांसद बिन्दा पाण्डेले ललिता निवास जग्गा प्रकरणमा संलग्न दोषी कोही नछुट्ने र कोही निर्दोष नपर्ने गरी न्यायिक निरुपण गराउन सरकारको ध्यानाकर्षण गराइन् । नेपाल एयरलाइन्सको ‘वाइड बडी’ खरिद, तारागाउँको सरकारी जग्गा दुरुपयोग र नेपाल आयल निगमको जग्गा खरिद प्रकरणको तत्काल अनुसन्धान गर्न आग्रह गरिन् । यती ‘होल्डिङ’को जग्गा विवाद प्रकरणमा श्वेतपत्र जारी गरी यथार्थ जानकारी गराउन माग गरिन् ।

नेपाली कांग्रेसकी सांसद डिला संग्रौलाले यती समूहसँग सरकार सति जानुको कारण के हो भनी प्रश्न गरेकी छन् । उनले सरकारले काठमाडौंको गोकर्ण रिसोर्ट, ताहाचल, दरबारमार्गको जग्गा, पाथीभरा, धरान, शिवपुरीको जग्गा पनि यति समूहलाई फाइदा पुग्ने गरी दिइएको भन्दै सो प्रश्न गरेकी हुन् । उनले भनिन् ‘सरकार यतीसँग सति जानुको कारण के हो ? सरकारले एउटा ब्यापारी समूहलाई राज्यको सम्पत्ति जिम्मा लगाउनुको कारण के हो ?’

नेकपाका विशाल भट्टराईले बालुवाटारस्थित ललिता निवास जग्गा हिनामिना प्रकरण ढिलै भए पनि अदालतमा पुगेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई धन्यवाद दिए । उक्त जग्गा प्रकरणमा संलग्न दोषीमाथि अदालत र अख्तियारले कडभन्दा कडा कारवाही गरोस् भन्दै उनले देशभरका अतिक्रमणमा परेका सार्वजनिक जग्गा खोज्न उच्चस्तरीय आयोग बनाउन माग गरे ।

नेकपा सांसद शशी श्रेष्ठले महिलामाथि भइरहेको हिंसाको अन्त्य गरी समातामूलक भूमिका निर्वाह गर्नुपर्ने राष्ट्रिय महिला आयोगको पदाधिकारी रिक्त रहेको भन्दै तत्काल पदाधिकारी नियुक्त गर्न सरकारको ध्यानाकर्षण गराइन् । अधिकांश संवैधानिक आयोगमा पदाधिकारी रिक्त रहेको भन्दै उनले तत्काल पदाधिकारी नियुक्त गरी आयोगका कामकारबाहीलाई प्रभावकारी बनाउन आग्रह गरिन् ।

नेकपा संसदीय दलका सचेतक शान्ता चौधरीले नागरिकलाई सिंहदरबार प्रवेशमा सहज बनाउन सरकारको ध्यानाकर्षण गराइन् । उनले नागरिकता र राष्ट्रिय परिचयपत्रका आधारमा निर्वाधरुपमा सिंहदरबार प्रवेश दिलाउन माग गरिन् ।

नेकपा सांसद शेरबहादुर तामाङले सिन्धुपाल्चोकको जुगल गाउँपालिकामा कोरोना भाइरस फैलिएको भन्ने हल्लामा कुनै सत्यता नभएको र त्यस्ता अफवाहको प्रतिवाद गर्दै सत्यतथ्य सार्वजनिक गर्न माग गरे । नेकपा सांसद विष्णु शर्माले छाउगोठ भत्काएर मात्रै कुसंस्कार नहट्ने भन्दै सम्बन्धित क्षेत्रमा चेतना फैलाउन सरकारको ध्यानाकर्षण गराए ।

त्यस्तै अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकले श्रम ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ ले तोकेको सेवा सुविधा प्राप्त गर्न नसकेको भन्दै सांसदले सरकारको ध्यानाकर्षण गराएका छन् । बैठकको शून्य समयमा सांसदहरुले असंगठित क्षेत्रमा काम गर्ने श्रमिक अत्यन्त न्यून ज्यालामा काम गर्न बाध्य भएको भन्दै कानूनले तोकेको सेवा सुविधा उपलब्ध गराउन सरकारलाई आग्रह गरेका हुन् ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) की सांसद बीनाकुमारी श्रेष्ठ असंगठित क्षेत्रका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी गराउन सरकारको ध्यानाकर्षण गराइन् । उनले घरेलु श्रमलाई स्थानीय सरकारअन्तर्गत दर्ता गरी त्यसलाई व्यवस्थित गर्न सरकारको ध्यानाकर्षण गराइन् ।

‘औपचारिकभन्दा अनौपचारिक श्रम बजार वृद्धि भइरहेका छन्,’ उनले भनिन्, ‘श्रम ऐन र सामाजिक सुरक्षा ऐन जारी भएको दुई वर्ष बिते पनि ऐनले तोकेको सेवा सुविधा अझै पाउन सकेका छैनन्, असङ्गठित क्षेत्रका श्रमिकले सामाजिक सुरक्षा कहिलेसम्म पाउने हो ? निश्चित गर्न तत्काल पहल गर्न सरकारको ध्यानाकर्षण गराउँछु ।’

सरकारले पहिलो चरणमा औपचारिक क्षेत्रका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी गराउन सामाजिक सुरक्षा कार्यक्रम शुरु गरेको छ । अनौपचारिक क्षेत्रमा काम गर्ने ठूलो संख्याका श्रमिक

**प्रतिनिधिसभा बैठक**

अहिले पनि श्रम ऐन र सामाजिक सुरक्षा ऐनले प्रत्याभूत गरेको सुविधा प्राप्त गर्नबाट वञ्चित हुँदै आएका छन् ।

नेकपाकै सांसद शान्तिमाया तामाङ पाखिनले वैदेशिक रोजगारीका क्रममा देखिएको विकृति रोक्न तत्कालै पहल थाल्न सरकारलाई आग्रह गरिन् । सुन्दर भविष्य निर्माण गर्ने रङ्गिन सपना बोकेर खाडीमा पसिना बगाएका युवायुवतीले तीन/चार वर्षपछि स्वदेश फर्कदाँ साथमा श्रीमान/श्रीमती वा सम्पत्ति कुनै पनि नहुने अवस्था आएको भन्दै त्यस्ता गतिविधिमा संलग्नलाई कडाभन्दा कडा कारवाही गर्न माग गरिन् ।

‘वैदेशिक रोजगारीमा विकृति झाङ्गिँदै गएको छ,’ उनले भनिन्, ‘श्रीमान/श्रीमती विदेशमा हुँदा घर परिवार सम्हाल्न नसक्ने महिला/पुरुष र अर्काको घर परिवार बिगार्ने पुरुष र महिला दुवैलाई कारवाही गर्न कडाभन्दा कडा कानूनको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउँछु ।’

नेकपा सांसद विद्या भट्टराईले कोरोना भाइरसको सङ्क्रमण नभित्रियोस् भनेर त्रिभुवन अन्तर र्राष्ट्रिय विमानस्थलमा रहेको स्वास्थ्य परीक्षण उपकरणको प्रभावकारी प्रयोग गर्न सरकारको ध्यानाकर्षण गराइन् । नेपाल भ्रमण वर्षलाई सफल बनाउन नेपाल कोरोना भाइरसमुक्त मुलुकका रुपमा रहेको सन्देश विश्वभर फैलाउन आवश्यक रहेको उनको भनाइ थियो ।

# पर्वत जिल्ला अदालतमा मुद्दाको चाप बढ्दो

**पर्वत/मस–** पर्वत जिल्ला अदालतमा मुद्दाको चाप बढेको छ । चालु वर्ष परेका र लगत सरेर आएका मुद्दाहरुको चाप बढेको अदालतले जानकारी दिएको छ । अदालतले चालु आर्थिक वर्षको ६ महिना अर्थात साउन देखि पुष मसान्त सम्म भएका मुद्दाहरुको स्थिति, फछ्र्योट र जरिवानाको बारेमा पत्रकारलाई एक कार्यक्रम आयोजना गरी जानकारी दिइएको हो ।

अदालतका तहसिलदार नन्दप्रसाद आचार्यले अदालतमा रहेको मुद्दाका प्रकृतिका बारेमा जानकारी गराएका हुन् । तहसिलदार आचार्यका अनुसार चालु आ.व.को ६ महिनाको अवधिमा ४ सय ६ वटा विभिन्न प्रकृतिका मुद्दा आएका थिए । ती मध्ये २ सय १३ मुद्दा फछ्र्योट भई १ सय ९३ मुद्दा फैसला गर्न बाँकी रहेका छन् । अदालतमा दुनियाबादी देवानी मुद्दा २ सय ६८ वटा रहेकोमा १ सय २८ वटा फछ्र्योट भई १ सय ४० वटा बाँकी रहेको तहसिलदार आचार्यले जानकारी दिए । उनका अनुसार दुनियाबादी फौजदारीका ७७ मुद्दा आएकोमा ४० फछ्र्योट भएका छन् भने ३७ वटा बाँकी रहेका छन् । सरकारबादी ५९ वटा मुद्दा रहेकोमा ४३ फछ्र्योट भई १६ वटा बाँकी रहेको कार्यक्रममा जानकारी दिइयो । अदालतमा पुनराबेदन सम्बन्धी १ र निषेधज्ञा सम्बन्धी १ मुद्दा रहेकोमा दुबै फछ्र्योट भएको अदालतले जनाएको हो । अदालतका अनुसार चालु वर्ष सम्बन्ध बिच्छेदका १ सय ३० मुद्दा दर्ता भएका थिए । ती मध्ये पुरुषले दिएको सम्बन्ध बिच्छेदका मुद्दा ६४ वटा थिए भने महिलाले दिएका ६६ वटा थिए । सो मध्ये ७४ मुद्दा फछ्र्योट भएका छन् भने ५६ वटा मुद्दा फछ्र्योट गर्न बाँकी रहेको छ । अदालतका न्यायाधीश सूर्यबहादुर थापाले अदालतमा अरु मुद्दाका तुलनामा समबन्ध बिच्छेदका मुद्दा धेरै रहेको बताए । सम्बन्ध बिच्छेदका मुद्दाहरु मेलमिलापमा टुंग्याउने प्रयास गर्दै आएको न्यायाधीश थापाको भनाइ थियो ।

न्यायाधीश थापाका अनुसार चालु वर्ष १३ जना जोडीको मेलमिलाप भएको छ । जिल्ला अदालतका स्रेस्तेदार जीवनकुमार पौडेलले चालु वर्ष ७ सय ८४ वर्ष ५ महिना १२ दिन कैदको दायित्व रहेकोमा ३० वर्ष ७ महिना ५ दिन फछ्र्योट भएको र ७ सय ५३ वर्ष १० महिना ७ दिन फछ्र्योट हुन बाँकी रहेको जानकारी दिए ।

# ट्राफिक सचेतना फैलाउन ‘सारङ्गी’ टोली परिचालन



**काठमाडौं/मस–** महानगरिय ट्राफिक प्रहरी महाशाखाले पैदल यात्रीलाई ट्राफिक नियम सम्बन्धी जानकारी दिन सारङ्गी टोली परिचालन गरेको छ । पैदल यात्रुमा ट्राफिक नियमको जानकारी नहुने र जथाभावि बाटो काट्ने, जेब्राक्रसिङको प्रयोग नगर्ने र ट्राफिक लाइटको जानकारी नराख्ने समस्या रहेको भन्दै सांगीतिक टोली मार्फत सचेतना फैलाउने प्रयास गरेको हो ।

बुधबार बानेस्वर स्थित संसद भवन अगाडि ट्राफिक प्रहरीले सारङ्गी टोली परिचालन गरी ट्राफिक गीत गाएर ट्राफिक नियम सम्बन्धी जानकारी गराएको हो । प्रहरी वरिष्ठ उपरीक्षक, महानगरिय ट्राफिक प्रहरी महाशाखाका प्रमुख भीम ढकालले पैदल यात्रीहरुले ट्राफिक नियमको जानकारी नराख्ने र जथाभावी बाटो काट्ने गरेकाले सांगीतिक अभियान मार्फत ट्राफिक नियमको जानकारी गराइएको बताए ।

उनले सडकको जेब्राक्रसिङमा समेत ट्राफिक लाइट सुरु भइसकेको र पैदल यात्रुले त्यसको पालना नगरेपछि ट्राफिक नियमको जानकारी दिन नयाँ उपाय अपनाएको बताए । उनले ट्राफिक प्रहरी आफैंले पनि जानकारी गराउने र सांगीतिक तरिकाले सारङ्गी टोली परिचालन गरी ट्राफिक गीत गाएर पैदल यात्रीलाई ट्राफिक नियम सम्बन्धी जानकारी दिइएको बताए ।

महाशाखा प्रमुख ढकालले पैदल यात्रुको चाप बढी हुने काठमाडौंका मुख्य मुख्य स्थानमा सांगीतिक अभियान मार्फत ट्राफिक नियमको जानकारी गराउने बताए ।


**मलेसियामा रोजगार** | कम्पनी : ELEMENTO HORTITECH SDN BHD | शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१०/२९ | चलानी नं.: ६०१५१६१७ | LT. No.: 232897

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vegetable Farm Worker | 14 | 0 | स. काममा दक्ष | 1200 | ३३,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ८ गते (20 Feb. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Zoom International Pvt. Ltd. | श्रम इजाजत नं. ८८५/०६७/०६८

**जुम इन्टरनेशनल प्रा. लि.**

बसुन्धारा, काठमाडौं, फोन: ४०१६६४३, ४०१६६४५, ९८०४२४६८९६

E-mail: zoominternational85@Gmail.com



**ओमानमा रोजगार** | कम्पनी: OMAN SHAPOORJI COMPANY LLC | शहर: OMAN

पूर्व स्वीकृत मितिः २०७६/१०/२९ | चलानी नं.: ६०१५१६२३ | L.T. No.: 232675

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Cleaner | 0 | 27 | सम्बन्धित काममा दक्ष | 100 | २९,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Female Supervisor | 0 | 3 | | 250 | ७३,९९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ८ गते (20 Feb. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

DHR | Gov. lic. No. 789/065/66

**Destiny Human Resource Nepal Pvt. Ltd.**

G.P.O. Box: 8975 EPC 5444, Kathmandu, Nepal

Tel.: 01-4111889, Fax : 4111890



**मलेसियामा रोजगार** | १. कम्पनी : SOON HENG METAL WORKS SDN.BHD | शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१०/२९ | चलानी नं.: ६०१५१६०९ | LT. No.: 232569

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 15 | 0 | स. काममा दक्ष | 1200 | ३३,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : TERRA COOLING INDUSTRIES SDN.BHD. | शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१०/२९ | चलानी नं.: ६०१५१६२८ | LT. No.: 232572

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 10 | 0 | स. काममा दक्ष | 1200 | ३३,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : JOREX SDN.BHD. | शहर : JALAN

पूर्व स्वीकृत मितिः २०७६/१०/२९ | चलानी नं.: ६०१५१६२७ | LT. No.: 232575

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 25 | 0 | स. काममा दक्ष | 1200 | ३३,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनी : MACHMAR INDUSTRIES SDN. BHD. | शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१०/२९ | चलानी नं.: ६०१५१६२४ | LT. No.: 232573

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 11 | 0 | स. काममा दक्ष | 1200 | ३३,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ८ गते (20 Feb. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**पाल्ही ओभरसिज प्रा. लि.** | श्रम इजाजत नं. ५९४/०६२/०६३

जि.पि.ओ. बक्स: ९७८०, लोसाल अन्नपूर्णमार्ग,चप्पलकारखाना, काठमाडौं, फोन: ०१-४०१५७९२, ४०१५६५५

E-mail: info@palhioverseas.com | Website: www.palhioverseas.com



**साउदीमा रोजगार** | कम्पनी : RUSHDI AL BUINAIN & PARTNERS TRADE CONTRACTING. | शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७६/१०/२८ | चलानी नं.: ६०१५१५८२ | LT. No.: 232670

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading and Unloading Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३०,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ८ गते (20 Feb. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ५१३/०६१/०६२

**हेराल्ड ईन्टरनेशनल प्रा. लि.**

पो.ब.नं. १६१, नयाँबानेश्वर, काठमाडौं, फोन: ४४७५३३९, ४४६८६९७, ४४७६६०३



**MALAYSIA मा वैदेशिक रोजगारको अवसर**

कम्पनी: KIM TECK LEE TIMBER FLOORING SDN. BHD. | शहर: SELANGOR

पूर्व स्वीकृत मितिः २०७६/१०/२९ | चलानी नं.: ६०१५१६३३ | LT. No.: 233054

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 21 | 0 | स. काममा दक्ष | 1200 | ३३,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ८ र ९ गते (20 & 21 Feb. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**UAE मा वैदेशिक रोजगारको अवसर**

कम्पनी: G APPLE CLEANING & TECHNICAL SERVICES L.L.C | शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७६/१०/२९ | चलानी नं.: ६०१५१६३४ | LT. No.: 232996

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Messenger | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaning Worker | 1 | 0 | | 900 | २७,८७५ | | | | | | | |
| 3. | Cleaner | 21 | 5 | | 900 | २७,८७५ | | | | | | | |
| 4. | Pipe Fitter | 1 | 0 | | 1200 | ३७,१६५ | | | | | | | |
| 5. | Tile Layer | 1 | 0 | | 1200 | ३७,१६५ | | | | | | | |
| 6. | Painter Buildings | 1 | 0 | | 1200 | ३७,१६५ | | | | | | | |
| 7. | Follow Up Clerk | 1 | 0 | | 900 | २७,८७५ | | | | | | | |
| 8. | Construction Carpenter | 1 | 0 | | 1200 | ३७,१६५ | | | | | | | |
| 9. | Brick Mason | 1 | 0 | | 1200 | ३७,१६५ | | | | | | | |
| 10. | Block Mason | 1 | 0 | | 1200 | ३७,१६५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ८, ९ र १० गते (20, 21 & 22 Feb. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**जब वर्ल्ड ईण्टरनेशनल ओभरसिज प्रा. लि.** | श्रम इजाजत नं. ८४५/०६६/०६७

सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३८८३८०, ४३८२५३३, फ्याक्स: ४३८८३८१



**कतारमा रोजगार** | कम्पनी: AL ALEE FOR SERVICES AND MAINTENANCE | शहर: QATAR

पूर्व स्वीकृत मितिः २०७६/०९/२२ | चलानी नं.: ६०१४९७३० | LT. No.: 230632 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 17 | 0 | स. काममा दक्ष | 900 | २८,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता जनप्रिय थकाली होटल पोखरा, कास्कीमा फागुन ८ गते (20 Feb. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**All Rahim Manpower Pvt. Ltd.**

Govt. Lic. No. 1264/074/075

Chandol-4, Chappalkarkhana, Kathmandu, Tel : 4444419, 4444429

Email: allrahimhr@gmail.com | Website: www.allrahimmanpower.com

## कांग्रेस केन्द्रीय समिति बैठक

# ५० प्रतिशत नयाँ सदस्य वितरण गरिने

**काठमाडौं/मस-** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको केन्दीय कार्यसमितिको बैठकले हरेक वडा तहमा ५० प्रतिशत नयाँ क्रियाशिल सदस्यस्यता वितरण गर्ने निर्णय गरेको छ। पार्टीको बुधबार बसेको बैठकले प्रत्येक वडामा ५० प्रतिशत नयाँ क्रियाशिल सदस्यता थप गर्ने तथा वडा कार्य समिति र क्षेत्रिय कार्यसमितिका लागि आवश्यक पर्नेसम्म क्रियाशिल सदस्यता वितरण खुला गर्ने निर्णय गरेको हो।

प्रत्येका वडामा जनसंख्याको बनोटलाई आधार बनाएर समानुपातिक हिसाबले वितरण गर्ने निर्णय बैठकले गरेको प्रवक्ता विश्वप्रकाश शर्माले बताए। प्रवक्ता शर्माले गत पुस ११ गतेको बैठकले अधिवेशनसम्मका लागि विधानका केही धारा निलम्बन गर्ने भनि गरेको निर्णय बुधबारको बैठकले सर्वसम्मतिले पारित गरको बताए।



पार्टीको महाधिवेशनसम्म विधानका ५ वटा धारा निलम्बन गर्ने निर्णय गत पुस ११ गतेको केन्द्रीय कार्यसमिति बैठकले गरेको थियो। तर, त्यसबेला वरिष्ठ नेता रामचन्द्र पौडेल समूहले बैठक नै बहिस्कार गर्दै बहुमतबाट भएका निर्णयहरु मान्य नहुने बताउँदै आएका थिए।

कांग्रेसले आगामी वर्षको फागुनमा हुने पार्टीको महाधिवेशनको कार्यतालिका पनि केही हेरफेर गरेको छ। प्रवक्ता शर्माका अनुसार यहि फागुन १५ गतेभित्र समायोजन गर्न जिल्लाहरुलाई निर्देशन दिएको छ। कतिपय समायोजन हुन नसकेको जिल्ला वा समायोजनका क्रममा समस्या उत्पन्न भएमा केन्द्रबाट समन्वय गर्ने सहमति पनि बैठकमा जुटेको उनले बताए।

कांग्रेसले फरक राजनीतिक आस्था राख्ने व्यक्तिहरुमाथि पूर्वाग्रह राखी सुनियोजित रुपमा झुठा मुद्दा लगाउने, संविधानको मर्म र भावना विपरितका विधेयक ल्याउने सरकारी निर्णयको भर्त्सना गरेको जनाएको छ। शर्माले पार्टीका मुद्दा र राष्ट्रिय मुद्दाहरुको सन्दर्भमा पार्टीका सबै नेताहरु एक ठाउँमा आएको सन्देश पनि बैठकले दिएको बताए।

# अख्तियारमा स्थानीय तहका उजुरी धेरै

**डोटी/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको महेन्द्रनगरस्थित कार्यालयमा स्थानीय तहका उजुरी धेरै परेका छन्। कार्यालयका अनुसार डोटी जिल्लाका सङ्घसंस्था र स्थानीय तहका योजनामा अनियमितता भएको भन्दै यो वर्ष ३८९ उजुरी परेका छन्। तीमध्ये शिक्षा क्षेत्रका मात्रै २४१ वटा उजुरी परेका छन्।

जिल्लाका स्थानीय तहमा अनियमितता भइरहेका उजुरी विगतभन्दा बढी आइरहेको आयोगको महेन्द्रनगरस्थित कार्यालयका सूचना अधिकारी टोपबहादुर विष्ट बताए। उनले भने, 'विगतमा स्थानीय तहमा अनियमितताका उजुरी १२/१५ वटा आउँथे भने अहिले त सीधै एक सयभन्दा बढी आउन थालेका छन्।' एउटै योजनामा दोहोरो भुक्तानी लिने, उपभोक्ता समिति गठनमा आफ्ना कार्यकर्ता राख्ने तथा गुणस्तरहीन काम गरेको भन्दै उजुरी आउने क्रम बढेको सूचना अधिकारी विष्टको भनाइ छ।

डोटीमा दुई नगरपालिका र सात गाउँपालिका रहेको जिल्लाका सबै स्थानीय तहको ढुकुटीबाट खर्चिएका मध्ये रु १३ करोड ७४ लाख बेरुजु देखिएको छ। ०७४/७५ मा आएको रु दुई अर्ब ६७ करोड ५७ लाख तीन हजार कूल बजेटमध्ये सो रकम बेरुजु देखिएको हो। अघिल्लो आर्थिक वर्षमा जिल्लाभर सबैभन्दा बढी दिपायल सिलगढी नगरपालिकाको रकम बेरुजु देखिएको छ। नगरको रु ४६ करोड ५० लाख १९ हजार बजेटमध्ये रु पाँच करोड एक लाख बेरुजु देखिएको महालेखा परीक्षकको कार्यालयले जनाएको छ।

# क्वारेन्टाइनस्थलमा संक्रमण फैलन नदिन उच्च सतर्कता : मन्त्रालय



**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले चीनमा रहेका नेपालीलाई ल्याएर राखिने क्वारेन्टाइन क्षेत्रमा कुनै संक्रमण फैलन नदिन सरकारले उच्च सतर्कता अपनाएर काम गरिरहेको जनाएको छ।

मन्त्रालयले बुधबार एक विज्ञप्ति जारी गरी गृह, रक्षा, परराष्ट्र, शहरी विकास, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीसमेतको समन्वयमा क्वारेन्टाइनस्थलको आवश्यक सुरक्षा र निगरानी भइरहेको जनाएको छ। सरकराले चीनमा रहेका नेपालीलाई केही दिनमा नै नेपाल फर्काउने तयारी गरेको छ।

मन्त्रालयका प्रवक्ता महेन्द्रप्रसाद श्रेष्ठद्वारा बुधबार जारी विज्ञप्तिमा नेपालमा एक जनामा बाहेक कुनै पनि व्यक्तिमा कोरोना भाइरसको संक्रमण नरहेको जनाइएको छ। अहिलेसम्म १८ जनाको परीक्षण गरिएकोमा एक जनामा मात्रै संक्रमण फेला परेको थियो। संक्रमित व्यक्ति निको भएर घर फर्किसकेको श्रेष्ठले जानकारी दिए।

मन्त्रालयका अनुसार चीनको हुवेइ र वुहानलगायत २२ प्रान्तमा कोरोना भाइरस संक्रमण भइसकेको छ। उक्त भाइरस चीनसहित २४ देशमा देखिएको छ। सरकारले कोरोनाको प्रभाव नेपालमा पर्न नदिन आवश्यक तयारी र उच्च सतर्कता अपनाइएको जनाएको छ।

स्वास्थ्य मन्त्रालयका अनुसार चीनबाट आएका व्यक्तिलाई आवश्यक स्वास्थ्य परीक्षण गरी शंका लागेमा अस्पताल लगिने र अन्यलाई क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाइएको छ। क्यारेन्टाइनमा राखिएका व्यक्तिलाई नियमित स्वास्थ्यपरीक्षण गरी शंकास्पदको प्रयोगशालामा परीक्षण गरिने, रोग लागेको शंका लागेमा आइसोलेसनमा राखिने, रोग सर्न नदिन विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्डको आधारमा काम गरिने र संक्रमित व्यक्ति भेटिए उपचारपछि निको भए पनि संगठनको मापदण्डअनुसार नै अन्य व्यक्तिसँग सम्पर्कमा आउन नमिल्ने गरी राख्ने व्यवस्था मिलाइएको मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ।

चीनबाट ल्याउन लागिएका विद्यार्थी कोरोना भाइरसबाट संक्रमित नभएको समेत मन्त्रालयले स्पष्ट पारेको पारेको छ।


### मोटरसाइकल हराएको सूचना

मिति २०७६/१०/१८ गते अ. १६:०० बजेको समयमा का.जि गोकर्णेश्वर नगरपालिका वडा नम्बर ५ जोरपाटी अरब बैक नजिक एवन क्याफेको पार्किङ गरी राखेको स्थानबाट प्रदेश नं. ३-०२-०१२ प ९९१६ नम्बरको कालो कलरको २२० सीसी पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरी बुझाई दिनु भएमा उचित पुरस्कार दिनेछु।

सवारी धनी : योगराज राई
ठेगाना: चौदण्डिगढि-४, उदयपुर
च्यासिस नं: MD2A13EY2KCF89679
इन्जीन नं : DKYCKF86446
सम्पर्क : ९८५१२३९२२३

### माइग्रेसन हरायो

मिति २०७६/०८/१० गते पुतली सडकबाट अनामनगरसम्म जाँदा मेरो नामको HSEB बाट प्राप्त भएको निम्नानुसारको माइग्रेसन सर्टिफिकेट हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा बुझाई दिनु भएमा उचित पुरस्कार दिनेछु।

नाम : राकेश कुमार दाश
ठेगाना : रङ्गेली-७, मोरङ
सिम्बोल नं. : ९८४८३९
रजिष्टेशन नं. : ६६२७५०४२२
फोन : ९८४९०३५०५०

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति:२०७६।११।०१)

यस कम्पनीको मिति २०७६।१०।१४ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **विवृत्ति रिसर्च एण्ड एनलाइटिक्स प्रा.लि. (प्रा.लि.नं. ११४५३६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६।१०।२२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सौर्य इन्जिनियरिङ्ग प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।



### Saudi मा रोजगारको अवसर | कम्पनी : ARAB POULTRY BREEDERS CO
शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७६/१०/२५ चलानी नं.: ६०१५१३७६ LT. No.: 232272

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Poultry Labours | 10 | 0 | स. काममा दक्ष | 1000 | ३०,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ८, ९, १०, ११, १२ र १३ गते (20, 21, 22, 23, 24 & 25 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
(Birad Associates Pvt. Ltd.)
Sukedhara-4, Kathmandu, Nepal, Fax : 4116277, Tel : 4375822, 4375824
Mob.: 9841781155, 9813198481, 9808265859, 9842692598, 9851024800, 9851067450
E-mail: cm.birad@gmail.com, infobiraddocumentation@gmail.com
ईजाजत न.: ४०७/०६०/०६१



### साउदीमा रोजगार | कम्पनी: SULTAN TRANSPORT SULTAN M.AL-QAHTANI & SONS TRANSPORT CO
शहर: KSA

पुर्व स्वीकृत मितिः २०७६/०९/२२ चलानी नं.: ६०१४९७१५ LT. No.: 230453 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 30 | 0 | स. काममा दक्ष | 1800 | ५५,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: **BLUE WATER CONTRACTING & SERVICES WLL** शहर: **QATAR**

पूर्व स्वीकृत मितिः २०७६/१०/१३ | चलानी नं.: ६०१५०६३४ | **LT. No.: 231331** | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३४,३६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labouer | 5 | 0 | | 900 | २८,११५ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ८ गते (20 Feb. 2020) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Prastuti Recruitment Pvt. Ltd. License No.: 1436/074/075

**Prastuti Recruitment Pvt. Ltd.**
Opposite to Basundhara Police Station, Basundhara-Kathmandu
**Tel: +977 1 4388142, 4363588,** Email: prastutirecruitment@gmail.com



## कतारमा रोजगार | Company : AL WATANIYA CONCRETE LLC, DOHA

पूर्व स्वीकृत मितिः २०७६/१०/२९ | चलानी नं.: ६०१५१६४१ | L.T. No.: 233004

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Driver | 10 | 0 | स. काममा दक्ष | 2200 | ६८,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ८ गते (20 Feb. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**मदरल्याण्ड ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०
बसुन्धारा-०३ काठमाडौं, फोन: ४३६१११११, ४३६६३१८ Fax: 436474
Email : motherlandovs@gmail.com, info@motherlandovs.com



## INVITATION FOR BIDS

Council for Technical Education and Vocational Training (CTEVT)
**Balaju School of Engineering and Technology (BSET), Balaju, Kathmandu**

Contract Identification No : **CTEVT/BSET/076/077-Civil-01**
Date of publication : 1st Falgun 2076

The cost estimate for **Construction of Extension Building** is NRs. 1,98,28,431.70 inclusive of VAT.

Eligible Bidders may obtain further information from the address given below or may visit e-procurement section of PPMO website **www.bolpatra.gov.np/egp.**

Bidders should submit the scanned copies of company/firm registration certificate valid for F.Y. 2075/76, VAT & PAN Registration Certificate, Tax Clearance of F.Y. 2075/76 and upon payment of a non-refundable fee of NRs. 3,000.00 within the office hours up to 30th day of first publication of this notice.

Bidder download the bidding documents for e-submission from e-procurement section of PPMO website **www.bolpatra.gov.np/egp** Bidders should deposit the cost as specified above of bidding document in the name of BSET, Balaju as specified below.

Name of the Bank : **Everest Bank, Balaju, Kathmandu**
Account No : **02000105200043**

The name of depositor in voucher should be the name of the bidder/bidders (in case if J/V) itself. If the name of the bidders and name of the depositor in the voucher differs the bid shall be considered as non-responsive. The maximum numbers of JV partners is Three.

Pre-bid meeting shall be held at the address given below after 15 days of first publication.

Electronic bids must be submitted to the PPMO website **www.bolpatra.gov.np/egp.** On or before 12:00 hrs. of 31st day of publication of this notice.

The bids will be opened in the presence of Bidders representatives who choose to attend at 13:00 hrs. On 31st day of publication of this notice at the address given below.

Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 5,00,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.

Purchasing and bid submission/opening falls on a government holiday, and then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Bidder shall quote the items rates in the bill of quantities (BOQ) exclusive of VAT. All other taxes and levies which may be applicable shall be included in the quoted rates.

In case of discrepancies or errors in Bid Documents, Bid Notice or any other document, the office reserves the right to amend and correct at any time.

All copies of relevant documents submitted by the bidder shall be certified by the Notary Public.

The office reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Any other matters not mentioned in this notice and bid documents shall be governed by the prevailing procurement and other relevant laws of GoN.

**Procurement Unit**
**Balaju School of Engineering and Technology (BSET)**
Balaju, Kathmandu, Phone No. **977-1-4362205**, Fax: 977-1-4350214,
P.O. Box No.4897, E-mail ID : **info@bset,edu,np**

# नेपालको कीर्तिमानी जीत

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ माघ

आईसीसी विश्वकप लिग २ एक दिवसीय क्रिकेट अन्तर्गत त्रिकोणात्मक सिरिजमा नेपालले कीर्तिमानी जीत निकालेको छ । टस जितेर पहिला फिल्डिङ गरेको नेपालले अमेरिकालाई १२ ओभरमा ३५ रनमा अल आउट गर्दै विश्व कीर्तिमान रचेको थियो ।

नेपालले अमेरिकालाई ३५ रनमा समेटेर विश्व कीर्तिमान रचेको थियो । एकदिवसीय क्रिकेटमै अमेरिकाले सबैभन्दा कम रन बनाउने क्रममा जिम्बाबेसँग बराबरी गरेको हो । जिम्बाबेले सन् २००४ मा हरारेमा श्रीलङ्काविरुद्धको खेलमा ३५ रन बनाएको थियो ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा लेग स्पिनर सन्दिप लामिछाने आफ्नो खेल जीवनकै उत्कृष्ट खेल प्रदर्शन गरेपछि अमेरिकाले लज्जास्पद स्कोर बनाएको हो । सन्दिपले छ विकेट लिए । उनले छ ओभर बलिङ गर्ने क्रममा एक ओभर मेडन राखी १६ रन खर्चिए । यस्तै सुशन भारीले तीन ओभरमा एक मेडन राखेर पाँच रन खर्चेर चार विकेट लिए । यस्तै करन केसीले तीन ओभर बलिङ गर्दै एक मेडन राखेर १३ रन दिए । उनी विकेटविहीन रहे ।

आइसिसी विश्वकप क्रिकेट लिग दुईअन्तर्गतको त्रिकोणात्मक सिरिजको अन्तिम खेलमा वुधबार नेपालले टस जितेर फिल्डिङ राजेको थियो । ब्याटिङ गर्ने क्रममा अमेरिकाको शुरुआत राम्रो रहेन । रन नै बनाउन नसकेको अवस्थामा उसले पहिलो विकेट गुमायो । दोस्रो ओभरको अन्तिम बलमा अमेरिकाका भरपर्दा प्रारम्भिक ब्याट्सम्यान इयान होल्याण्ड रन नबनाइकन पभेलियन फर्किए । उनलाई लेगस्पिपनर सन्दिप लामिछानेले पारस खड्काद्वारा क्याच आउट गराए । उनले मेडन ओभर फाल्दै पहिलो विकेट लिएका हुन् ।

अमेरिकाले टोलीको स्कोर २३ छँदा दोस्रो महत्वपूर्ण विकेट गुमायो । छ दशमलव एक ओभरमा प्रारम्भिक ब्याट्सम्यान जेभियर मार्शल आउट भए । सोह्र रन बनाएका उनलाई सुशन भारीले पारसदद्वारा नै क्याच आउट गराए । आठौं ओभरमा अमेरिकाले लगातार दुई विकेट गुमायो । दुवै विकेट सन्दीपले लिए । तेस्रो नम्बरमा ब्याटिङ गर्न आएका मोनांक पटेललाई सन्दीपले सात दशमलव दुई ओभरमा बोल्ड गरे । उनले चार रन मात्र बनाए । सात दशमलव पाँच ओभरमा सन्दीपले निसर्ग पटेललाई व्यक्तिगत दुई रन बनाएको अवस्थामा बोल्ड गरे ।

यतिमा नै अमेरिकाको विकेट गुमाउने क्रम रोकिएन । अमेरिकाले नवौं ओभरको तेस्रो बलमा आरेन जोन्सलाई गुमायो । उनलाई व्यक्तिगत चार रनको स्कोरमा सुशनले बोल्ड गरे । त्यो बेला अमेरिकाले २९ रन मात्र बनाएको थियो । यस्तै १०औं ओभरको पाँचौं बलमा अमेरिकाका तिमिल पटेल पवेलियन फर्किए । तिमिलले व्यक्तिगत एक रन मात्र बनाए । उनलाई सन्दीपले आउट गरे । एघारौं ओभरमा अमेरिकाले लगातार दुई विकेट गुमायो । सुशनले ११औं ओभरको पहिलो बलमा केमरुन स्टिभेन्सनलाई पवेलियन फर्काए । सुशनले ११औं ओभरको अन्तिम बलमा रुस्टी थेरन बोल्ड भए । अमेरिकाले ११ ओभर खेल्दा ३१ रनमा आठ खेलाडी गुमाइसकेको थियो ।

अमेरिकाले १२औं ओभरमा सन्दीपको बलमा लगातार दुई विकेट गुमायो । सन्दिपले १२ औं ओभरको तेस्रो बलमा अक्षय होमराजलाई पारसद्वारा नै क्याच आउट गराए । सन्दीपले १२औं ओभरको अन्तिम बलमा नोस्तुस केन्जीलाई बोल्ड गरे । अमेरिका १२ ओभरमा सबै विकेट गुमाउँदै ३५ रनमै समेटियो ।

३६ रनको सामान्य लक्ष्य नेपालले दुई विकेट गुमाउँदै छैटौं ओभरको दोस्रो बलमा पूरा गऱ्यो ।

उपकप्तान दीपेन्द्रसिंह ऐरीले नोश्तुश केन्जीको बलमा छक्का प्राहार गरी आफ्नो टोलीलाई ऐतिहासिक जीत दिलाए । दीपेन्द्रले ११ बल खेल्दै एक छक्का र दुई चौका हान्दै १५ रन बनाए । उनलाई पारस खड्काले साथ दिएका थिए । पारसले १२ बल खेल्ने क्रममा एक छक्का तथा तीन चौको मद्तमा २० रनको योगदान दिए । नेपालको ब्याटिङ शुरुआत भने सुखद् रहेन । दुई रनको स्कोरमा नेपालले दुई विकेट गुमायो । प्रारम्भिक ब्याट्सम्यान कप्तान ज्ञानेन्द्र मल्ल एक रन तथा सुवास खकुरेल रन नै नबनाइकन पवेलियन फर्किए । ज्ञानेन्द्र र सुवासको विकेट नोश्तुश केन्जीले लिएका थिए । खेलको म्यान अफ दी म्याच सन्दीप भए । समापन समारोहमा नेपाल क्रिकेट सङ्घ (क्यान)का अध्यक्ष चतुरबहादुर चन्द, क्यान सचिव अशोकनाथ प्याकुरेललगायतले ट्रफी वितरण गरेका थिए ।




## लिगमा शेर्पा र जाउलाखेलबीच 'ड्र'



**काठमाडौं, मस**–राजधानीमा जारी शहीद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगितामा हिमालयन शेर्पा र जावलाखेल युथ क्लब बीचको खेल बराबरीमा समाप्त भएको छ ।

ललितपुरको सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको खेलमैदानमा वुधबार भएको खेलमा दुवै टोलीले ३-३ गोलको बराबरी खेल्दै अङ्क बाँडेका हुन् । खेलको पहिलो हाफ सकिँदा १० खेलाडीमा सीमित जावलाखेलविरुद्ध शेर्पाले ३-१ को अग्रता बनाएको थियो तर खेलको दोस्रो हाफमा जाउलाखेलले दुई गोल थप्दै खेललाई तीन-तीन गोलको बराबरीको स्थितिमा पुऱ्यायो ।

खेलको पाँचौं मिनेटमा स्टेफेन समिरले गोल गर्दै शेर्पालाई पहिलो अग्रता दिलाए । त्यसपछि खेलको २६औं मिनेटमा विजय श्रेष्ठले गोल गर्दै शेर्पालाई दोस्रो अग्रता दिलाए । खेलको ३५औं मिनेटमा जावलाखेलका गोलरक्षक अरुण ब्लोनले रातो कार्ड पाएपछि जावलाखेल १० खेलाडीमा समेटिएको हो । काउन्टरमा आएको बललाई डिबक्सबाहिर समातेपछि रेफ्री प्रकाशनाथ श्रेष्ठले अरुणलाई सिधै रातो कार्ड दिएका थिए ।

त्यस्तै खेलको पहिलो हाफको अत्तिरिक्त समयमा जावलाखेलका खेलाडी कुबेर बिष्टले गोल गर्दै खेल २-१ मा ल्याए । त्यसको केही समयपछि स्टेफेनले व्यक्तिगत दोस्रो गोल गर्दै शेर्पालाई ३-१ को अग्रता दिलाए । खेलको ६० औं मिनेटमा जाउलाखेलका फोडे फोफानाले एक गोल गरे भने अर्का खेलाडी रुपबहादुर लामाले एक गोल थपेपछि खेल तीन-तीन गोलको बराबरीमा टुङ्गियो ।

बराबरीसँगै जावलाखेलले १२ खेलमा १९ अङ्क जोडेको छ । जावलाखेल लिगको पाँचौं स्थानमा रहेको छ । त्यस्तै समान खेल खेलेको हिमालयन शेर्पाले ११ अङ्क जोडेको छ । शेर्पा ११औं स्थानमा रहेको छ । लिग अन्तर्गत विहीबार अन्तिम चरणका खेल शुरुहुने छन् । पहिलो खेलमा विहानै नेपाल पुलिस र फ्रेण्ड्स क्लबबीच प्रतिस्पर्धा हुने छ । दोस्रो खेलमा एपीएफ र ब्रिगेड भिड्दा अन्तिम खेलमा सरस्वती र संकटा भिड्ने छन् ।

## ढोरपाटन भलिबलको उपाधि एपीएफलाई

**काठमाडौं, मस–** विभागीय टोली नेपाल एपीएफ क्लबले ढोरपाटन महिला डबल लिग भलिबल प्रतियोगिताको उपाधि रक्षा गरेको छ । बुधबार डबल राउन्ड रोविनको लिगको अन्तिम खेलमा अर्को विभागीय टोली नेपाल पुलिस क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै एपीएफले अपराजित रहेर उपाधि रक्षा गरेको हो । यस्तै एपीएफले लगाता तीनपटक च्याम्पियन बन्दै रनिङ शिल्ड कब्जा गरेको छ । ढोरपाटन लिगमा ७ पटकको च्याम्पियन बनेको एपीएफले १३औं र १४औं संस्करणको च्याम्पियन बनेको थियो । त्यसअघि एपीएफले आठौं देखि ११औं संस्करणसम्म च्याम्पियन बन्दै रनिङ शिल्ड कब्जा गरेको थियो । एपीएफपछि पोखराको ज्ञानुबाबा स्कुलले वाधिक ५ पटक ढोरपाटन लिग जितेका छन् । ज्ञानुबावा दोस्रो देखि छैटौं संस्करणसम्म च्याम्पियन बनेको थियो । त्यसपछि सातौमा पुलिस च्याम्पियन बनेको थियो । १२औं संस्करणमा भारतीय खेलाडी सम्मिलित रिड मोडल च्याम्पियन बनेको थियो । पहिलो संस्करणमा पुरुषको प्रतिस्पर्धा हुदा आर्मीले बाजी मारेको थियो ।

लिगको १४ खेलपछि अपराजित रहेको एपीएफले ४१ अंक जोड्यो । उति नै खेलबाट ३७ अंक जोडेको पुलिसले दोस्रो स्थानमा चित्त बुझायो । एपीएफले पहिलो सेट २५-२१ ले आफ्नो पक्षमा पारेको थियो । दोस्रो सेट पनि एपीएफ २५-२१ ले नै विजयी हुन सफल भयो । तेस्रो सेटमा २५-१९ को जित निकाल्दै एपीएफ च्याम्पियन बन्न सफल भयो । त्यसअघि तेस्रो भइसकेको त्रिभुवन आर्मी क्लबले होङ्ग्वान्जी न्यू डायमण्ड स्पोर्ट्स क्लबलाई ३-० को सोझो सेटमा पराजित गरेको थियो । मुख्य स्पाइकर प्रतिभा मालीको अनुपस्थितिमा टोली आर्मीसँग २५-२१, २५-१४ र २५-१४ ले पराजित भयो । उपाधिसँगै एपीएफले ४ लाख ५ हजार रुपैया हात पाऱ्यो । दोस्रो भएको पुलिसले २ लाख ५ हजार तथा तेस्रो भएको आर्मीले १ लाख ५ हजार रुपैया तथा चौथौ भएको डायमन्डले ७५ हजार रुपैया हात पाऱ्यो । पाँचौ भएको चितवनले ५५ हजार तथा छैटौ भएको बुलबुले रारा भलिबल क्लबले ३५ हजार रुपैया पायो ।


### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७६/११/०१

यस कम्पनीको मिति २०७६/१०/२१ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **इकोज ग्लोबल एजुकेशन नेपाल प्रा.लि. (प्रा.लि.नं. ११७८३६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/१०/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **किस्टोन ग्लोबल नेटवर्क प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।



### Free Visa ! Free Ticket !! सहित मलेसियामा रोजगार

कम्पनी: KELLOGG ASIA PRODUCTS SDN.BHD. शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०७६/१०/२८ चलानी नं.: ६०१५१५७२ LT.No.: 233023

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 65 | 0 | स. काममा दक्ष | 1200 | ३३,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा फागुन ८, ९, ११, १२, १३ र १४ गते (20, 21, 23, 24, 25 & 26 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

LUCKY H.R. Solution Pvt. Ltd.
श्रम इजाजत नं. ८७५/०६६/०६७
लक्की एच.आर. सोलुसन प्रा. लि.
जावलाखेल, ललितपुर, नेपाल, फोन: ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Email- info@merocvs.com / info@luckyhrsolution.com



### साउदी अरबमा रोजगार

कम्पनी : ABDUULAH BAJIJ EST. शहर: TABUK
पूर्व स्वीकृत मितिः २०७६/१०/२९ चलानी नं.: ६०१५१६४५ L.T. No.: 231829

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | 30,330 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Worker Of Loading And Unloading | 1 | 0 | | 1000 | 30,330 | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ८ गते (20 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. १३२४/०७४/०७५
STARIS HR SERVICES PVT. LTD.
(TRANS ASIA INTERNATIONAL PVT LTD)
Samakhusi-26, Kathmandu, Tel.: 01-4365203, 4381145
Mob.: 984479079, 9841669779



वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६



### जस्तो सीप उस्तै रोजगार

मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर

अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८१, ५५५५५३१, फ्याक्स: ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np



### Kuwait, Qatar र Saudi Arabia मा रोजगारको अवसर

१. कम्पनी: Jarir Bookstore , Kuwait — पून विज्ञापन
पूर्व स्वीकृती मिति २०७४।०१।१० चलानी नं. ६०१०९४१९ LT.No. 187381 पून स्वीकृती मिति २०७४।१०।२९ चलानी नं. ७८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Worker | 09 | काममा दक्ष | 120 | ४४,७९४।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |
| 2 | Light Ordinary Labor | 09 | | 120 | ४४,७९४।- | | | | | | | |

२. कम्पनी: Jarir Bookstore , Qatar — पून विज्ञापन
पूर्व स्वीकृती मिति २०७४।१०।११ चलानी नं. ६०१२५३३७ LT.No. 204201 पून स्वीकृती मिति २०७४।१०।२९ चलानी नं. ७८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 06 | काममा दक्ष | 1700 | ५३,१२५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |
| 2 | Loading/Unloading Labor | 01 | | 1200 | ३७,५००।- | | | | | | | |

३. कम्पनी: JARIR MARKETING CO., KSA, Saudi Arabia — पून विज्ञापन
पूर्व स्वीकृती मिति २०७४।०७।१३, २०७५।०४।०२ चलानी नं. ६०११९८५८,६०१३२६०८ LT.No. 198490,212135
पून स्वीकृती मिति २०७६।१०।२९ चलानी नं. ७८८ पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Janitors | 07 | काममा दक्ष | 1300 | ३९,४५५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |
| 2 | Heavy Driver | 06 | | 1800 | ५४,६३०।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | नि:शुल्क |

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मिति २०७६ फागुन ६ र ७ गते (18 & 19 Feb. 2020) मेनपावर कार्यालय, धुम्बाराहीमा हुनेछ ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । (२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । (४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । (६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भाबना हुन्छ । (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नु होला ।

न्यू गोर्खाज इण्टरनेशल प्रा. लि.
श्रम इजाजत नं. ३४८/०५९/६०
पो.ब.नं. ५६४५, धुम्बाराही, काठमाण्डौ, नेपाल, फोन नं.:-४४४०८९५/४४४४९२८/४४४४९२७



### कुवेतमा रोजगार

कम्पनी: ADNAN AL TAIBAWI RESTAURANT MANAGEMENT COMPANY W.L.L. शहर: KUWAIT
पुर्व स्वीकृत मितिः २०७६/१०/१७ चलानी नं.: ६०१५०९१५ LT. No.: 231136 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 1 | 0 | स. काममा दक्ष | 100 | ३७,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Light Driver | 4 | 0 | | 130 | ४८,५२५ | | | | | | | |
| 3. | Shorma Maker | 1 | 0 | | 125 | ४६,६६० | | | | | | | |
| 4. | Receptionist | 1 | 0 | | 125 | ४६,६६० | | | | | | | |
| 5. | Restaurant In-charge | 1 | 0 | | 180 | ६७,१९० | | | | | | | |
| 6. | Assistant Administra | 1 | 0 | | 150 | ५५,९९० | | | | | | | |
| 7. | Administrator | 2 | 0 | | 180 | ६७,१९० | | | | | | | |
| 8. | Cashier | 1 | 0 | | 150 | ५५,९९० | | | | | | | |
| 9. | Pastry Maker/confectionary Maker/sweet Maker | 3 | 0 | | 125 | ४६,६६० | | | | | | | |
| 10. | Restaurant Labor | 1 | 0 | | 100 | ३७,३३० | | | | | | | |
| 11. | Sweet Maker | 2 | 0 | | 125 | ४६,६६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ८ गते (20 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

रारा इम्प्लाइमेन्ट कन्सल्ट प्रा. लि.
श्रम इजाजत नं. २१/०४८/०४९
कोटेश्वर-३२, सेतीओपी मार्ग, काठमाडौं, फोन नं. ४६०१८६०, ९८५१०४५३६८, ९८५११८१८३१, ९८४८०५५४५०, ९८४१२७८१०७

म.क्षे.हु.नि.द.नं. ३३/०७४/०७५



# घट्यो बजेटको आकार

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ माघ



सरकारले चालु आर्थिक वर्ष २०७६/७७ का लागि ल्याएको बजेटको आकार १० प्रतिशतले घटाएको छ । बुधबार बजेटको अर्धवार्षिक समीक्षा गर्दै अर्थमन्त्री डा. युवराज खतिवडाले बजेटको आकार १० प्रतिशतले घटाएको जानकारी दिए ।

अर्थमन्त्री खतिवडाका अनुसार अब बजेटको आकार १३ खर्ब ८५ अर्ब ९६ करोड ३६ लाख रूपैयाँ कायम भएको छ । सरकारले यो वर्ष १५ खर्ब ३२ अर्बको ९६ करोड ९१ लाख रुपैयाँ बजेट ल्याएको थियो । बजेटको आकार घटाए पनि सरकारले मुलुकको अर्थतन्त्रका सूचकहरु अधिकांश सकारात्मक रहेको उल्लेख गरेको छ । बितेका छ महिनामा निर्यातमा वृद्धि र आयातमा कमी आएका कारण व्यापार घाटामा क्रमशः सुधार हुँदै गएको छ भने चालु खाता घाटा आधा भएको छ । भुक्तानी सन्तुलन स्थिति पनि सुदृढ हुँदै गएको छ ।

विदेशी तथा आन्तरिक लगानी प्रतिबद्धतामा उत्साहप्रद वृद्धि हुँदै गएकाले समग्र वित्तीय प्रणालीमा स्थायित्व कायम भएको छ भने वित्तीय सेवाको पहुँचमा पनि केही विस्तार भएको छ । नयाँ कानून र विधि निर्माणपछि सरकारी वित्त व्यवस्थामा सुधार, आयातमा आएको ह्रास र नयाँ राजश्व प्रणालीप्रति व्यवसायीहरू अभ्यस्त हुन समय लागेकाले आयातबाट प्राप्त हुने राजश्व अपेक्षाकृत सङ्कलन हुन सकेको छैन भने समग्र बजेट कार्यान्वयनको गतिमा अघिल्लो वर्षको तुलनामा उल्लेख्य सुधार पनि हुन नसकेको अर्थमन्त्रीले स्वीकार गरे । चालु आर्थिक वर्षको बजेटको अर्धवार्षिक समीक्षा आज आफ्नै मन्त्रालयमा प्रस्तुत गर्दै अर्थमन्त्री युवराज खतिवडाले विगत दुई वर्षदेखिको निरन्तर सुधारको प्रयासले समष्टिगत आर्थिक परिसूचकहरू सकारात्मक हुँदै गएका तथा आर्थिक वृद्धिदर उच्च रहँदै आएको र मुद्रास्फीति निश्चित सीमाभित्र नै रहेको दाबी गरे ।

बाह्य सहायता परिचालनतर्फ दातृ निकायको प्रतिबद्धता र बजेट सहयोग उत्साहजनक रूपमा बढ्दै गएको, लगानीमैत्री कानूनहरूको निर्माण र पारदर्शी एवं उद्योगमैत्री राजश्व नीतिका कारण निजी क्षेत्रको व्यावसायिक विस्तार भएको बताउँदै उनले केही खाद्यान्नबाहेक कृषि क्षेत्रमा भएको वृद्धि, औद्योगिक उत्पादनमा भएको विस्तार, होटललगायत पर्यटन पूर्वाधारमा बढेको लगानी, जलविद्युत् आयोजना, सडक, विमानस्थलजस्ता भौतिक पूर्वाधारको निर्माण तथा पुरातात्विक भवन, निजी आवास, विद्यालयसहित भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनःनिर्माण तीव्र गतिमा भएको, वित्तीय क्षेत्रको विस्तारले चालु आर्थिक वर्षमा उच्च आर्थिक वृद्धिको निरन्तरता कायम भई बजेटले लक्ष्यित गरेको आर्थिक वृद्धिको नजिक पुग्न सक्ने सकारात्मकस्थिति उनले चित्रण गरे ।

यद्यपि केही चुनौती रहेकाले थप मेहनत गर्नुपर्ने आवश्यकतामा अर्थमन्त्रीले जोड दिऐ । 'नेपाल र अमेरिकी सहयोग मिलिनियम च्यालेन्ज कर्पोरेशनबीच भएको अनुदान सहायता सम्झौता संघीय संसद्बाट अनुमोदन हुन ढिलाइ भइरहेकाले विनियोजित बजेट रू १० अर्ब खर्च हुन सकेको छैन कतिपय प्रदेश तथा स्थानीय तहले सञ्चित रकमबाट खर्च व्यवस्थापन गरेकाले गत वर्षको तुलनामा यो वर्ष करीब रू १८ अर्ब कम वित्तीय समानीकरण र सशर्त अनुदानको रकम हस्तान्तरण भएको छ ', उनले भने ।




नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यबसायी एशोसियसनबाट सम्मानित एच.एम.टी. ओभरसिज प्रा.लि. तिनकुनेका सञ्चालक तुलसी पुरी । एसोसिएसनको दशौं साधारणसभाको अवसरमा एशोसिएसनको नयाँ सदस्यता लिएका ४२ जना व्यवसायी सहितलाई सम्मान गरिएको थियो ।

## सीईओ श्रेष्ठलाई रावा बैंकमा स्वागत



**काठमाडौं/मस–** नेपाल व्यवस्थापन संघ(म्यान)को अध्यक्ष पदमा निर्वाचित अनि म्यानेजर अफ दि इयर २०१९ पुरस्कार प्राप्त राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठलाई बैंक व्यवस्थापनले भव्य स्वागत गरेको छ ।

राष्ट्रिय वाणिज्य बैंकको तर्फबाट संस्थागत तर्फ कार्यकारिणी समितिमा नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी सर्वाधिक बढी मतका साथ निर्वाचित भएकोमा बैंकका विभागीय प्रमुखहरु तथा उच्च व्यवस्थापनबाट बुधबार एक समारोहकाबीच बधाई तथा शुभकामना व्यक्त गरेको छ । सो अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत एवं नेपाल व्यवस्थापन संघ(म्यान) को अध्यक्ष किरणकुमार श्रेष्ठले म्यानेजर अफ दि इयर २०१९ पुरस्कार पाउनु बैंक भित्रका सम्पूर्ण कर्मचारीहरुको सामुहिक प्रयासको उपज हो भन्दै बैंकले गरेको प्रगतिको मूल्याङ्कन हुन थालेको बताए ।

बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारीले म्यानको कार्यकारीणी समितिमा भएको विजयी सम्पूर्ण राष्ट्रिय वाणिज्य बैंक परिवारको भएको बताए । उप-कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले पुरस्कार पाउनु बैंकको गौरबको विषय भएको बताए। विभागीय प्रमुख विनयरमण पौडेलले राष्ट्रिय वाणिज्य बैंकको प्रगति नोटिस हुन थालेको बताए ।

## एनआईसी एसिया र खल्तीबीच भुक्तानीका सम्झौता



**काठमाडौं/मस–** एनआईसी एसिया बैंक र खल्ती डिजिटल वालेट बीच डिजिटल भुक्तानी सेवा प्रदान गर्नका लागि सम्झौता भएको छ ।

एनआईसी एसिया बैंकका तर्फबाट सीईओ रोशन कुमार न्यौपाने र खल्तीका तर्फबाट डाइरेक्टर अरविन्द साहले बैंकको थापाथली स्थित प्रधान कार्यालयमा आयोजित हस्ताक्षर समारोहमा उक्त सम्झौतापत्रमा हस्ताक्षर गरेको हो । यस सम्झौता अनुसार अब एनआईसी एसिया बैंकका ग्राहकहरुले उक्त बैंकको मोबाईल बैंकिङ तथा इन्टरनेट बैंकिङ सेवा प्रयोग गरी 'खल्ती'मा सजिलै पैसा लोड गर्न र 'खल्ती' को प्लाटफर्ममा उपलब्ध सबै प्रकारका सेवाहरुको डिजिटल भुक्तानी गर्न सक्नेछन् ।

उक्त सम्झौताको बारेमा बोल्दै खल्तीका डाइरेक्टर अरविन्द साहले भने, 'हामी एनआईसी एसिया बैंकसँग यो सम्झौता गर्न पाउँदा उत्साहित छौं । अब एनआईसी एसिया बैंकका ग्राहकहरुले बैंकबाट नगद झिकिराख्ने झन्झट गर्नुपर्दैन । उहाँहरुले बैंकबाट सिधै 'खल्ती' मा पैसा लोड गरी वस्तु तथा सेवाको डिजिटल भुक्तानी गर्न सक्नुहुनेछ । नगद पैसा बिनाको सरल भुक्तानीको यो एउटा सुरुवात हो । यस सहकार्य सँगै हामीले नगदपैसा बिनाको नेपालको लागि एउटा अर्को पाइला अगाडी सारेका छौं जस्तो लागेको छ ।'

त्यसै गरी एनआईसी एसिया बैंकका सीईओ रोशन कुमार न्यौपानेले भने, 'हामी प्रविधिको प्रयोग गरेर मानिसहरुका विभिन्न बैंकिङ्ग तथा वित्तिय समस्याहरु समाधान गर्न खोजिराखेका छौं, जसको माध्यमबाट ग्राहकहरुले मोबाईलबाटै सबै किसिमका सेवाहरु प्राप्त गर्न सक्नुहुनेछ । हामी खल्ती वालेटसँग सहकार्य गरी हाम्रा ग्राहकहरुमाझ खल्तीको सजिलो मोबाईल भुक्तानी सेवा उपलब्ध गराउन पाउँदा अत्यन्तै उत्साहित भएका छौं । यसबाट हामी दैनिक कारोबारलाई डिजिटल बनाउन एक कदम अगाडि बढेको महसुस गरेका छौं ।' एनआईसी एसिया बैंकले मुलुकभर हाल तीन सय १३ शाखा कार्यालयहरु, चार सय ३० एटीएम, एक सय चार वटा वटा एक्सटेन्सन काउण्टर एवं ४७ वटा शाखारहित बैंकिङ मार्फत बैंकिङ सेवा प्रदान गरिरहेका छन् । त्यस्तै, सन् २०१७ को जनावरी २६ बाट नेपाली बजारमा आरम्भ भएको खल्ती नेपाल राष्ट्र बैंकबाट अनुमती प्राप्त, एक उदयमान र रुचाइएको पेमेन्ट गेटवे हो ।

खल्तीको मोबाईल एप तथा वेबसाइट प्रयोग गरी मोबाइल रिचार्ज, बिजुली र पानीको बिल भुक्तानी, इन्टरनेट तथा डीटीएचको बिल भुक्तानी, फिल्म टिकेटिङ, प्लेन टिकेटिङ, इभेन्ट्स टिकेटिङ, होटेल रुम बुकिङ आदि गर्ने, इ-कमर्स मार्फत किनिएको सामानको भुक्तानी, दैनिक पत्रिकाहरुको ग्राहक-शुल्क तिर्ने जस्ता अन्य थुप्रै सेवाहरु लिन सकिने प्लेटफर्म हो ।

## वाणिज्य बैंकहरुको मूनाफा ७ प्रतिशतले बढ्यो
# ६ महिनामा कुनले कति कमाए ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ माघ




मुलुकमा सञ्चालित सबै वाणिज्य बैंकले चालु आर्थिक वर्ष २०७६/७७ को पुसमसान्तसम्मको वित्तीय विवरण सार्वजनिक गरेका छन् । ती मध्ये राष्ट्रिय वाणिज्य बैंकले सबैभन्दा बढी खुद नाफा गरेको छ । उक्त बैंकले २ अर्ब २० करोड ९४ लाख रुपैयाँ खुद नाफा गरेको छ । सबैभन्दा कम सिभिल बैंकले गरेको छ । उसले ३१ करोड ६२ लाख रुपैयाँ मात्र कमाएको छ । गत वर्षको सोहि अवधिको तुलनामा ७ प्रतिशत बढीले मूनाफा बढेको छ । अघिल्लो आर्थिक वर्ष २०७५/७६ मा बैंकले ३० अर्ब ७६ करोड रुपैयाँ नाफा आर्जन गरेका थिए । मूनाफा बढे पनि वृद्धिदर भने खुम्चिएको छ । आर्थिक वर्ष २०७४/७५ को तुलनामा २०७५/७६ को ६ महिनामा ३९ प्रतिशतले बैंकहरुले नाफा बढाएका थिए । कारी स्वामित्वको यस बैंकले यस अवधिमा २ अर्ब २० करोड ९४ लाख रुपैयाँ नाफा गरेको छ । तर, यो मूनाफा गत वर्षको सोहि अवधिको तुलनामा कम हो । गत वर्षको ६ महिनामा बैंकले २ अर्ब ४० करोड ९९ लाख रुपैयाँ आर्जन गरेको थियो । ब्याज आम्दानीको तुलनामा खर्च बढेका कारण बैंकको नाफा घटेको हो ।

यस अवधिमा नविल बैंकले २ अर्ब ४ करोड १८ लाख रुपैयाँ नाफा कमाएको छ भने एनआइशी एशिया बैंकले २ अर्ब १ करोड ६२ लाख रुपैयाँ कमाएको छ । जनता बैंकसँग मर्जरमा गएको ग्लोबल आइएमई बैंकले २ अर्ब १३ करोड रुपैयाँ बढी मूनाफा आर्जन गरेको छ । यसैगरी हिमालयन बैंकले १ अर्ब ७४ करोड २४ लाख, नेपाल इन्भेष्टमेन्ट बैंकले १ अर्ब ६६ करोड ६१ लाख, एनएमबी बैंकले १ अर्ब ६३ करोड ६० लाख रुपैयाँ, कृषि विकास बैंकले १ अर्ब ५८ करोड १७ लाख रुपैयाँ, एभरेष्ट बैंकले १ अर्ब ५० करोड ९८ लाख रुपैयाँ मूनाफा आर्जन गरेको छ ।

६ महिनाको अवधिमा मुलुककै जेठो बैंक नेपाल बैंकले १ अर्ब ३५ करोड २३ लाख रुपैयाँ नाफा कमाएको छ भने प्राइम कमर्शीयल बैंकले १ अर्ब ३० करोड ७ लाख रुपैयाँ मूनाफा कमाएको छ । यसैगरी स्टयाण्डर्ड चार्टर्ड बैंकले १ अर्ब २२ करोड ६९ लाख रुपैयाँ, सानिमा बैंकले १ अर्ब १४ करोड ७४ लाख रुपैयाँ, प्रभु बैंकले १ अर्ब ८ करोड ५७ लाख रुपैयाँ, सिद्धार्थ बैंकले १ अर्ब २ करोड ६५ लाख रुपैयाँ, नेपाल एसबीआई बैंकले १ अर्ब ७ लाख रुपैयाँ मूनाफा आर्जन गरेको छ ।

यसैगरी सनराइज बैंकले ९४ करोड ४३ लाख रुपैयाँ, मेगा बैंकले ९५ करोड २ लाख, लक्ष्मी बैंकले ९० करोड ३० लाख, बैंक अफ काठमाण्डूले ८८ करोड ३८ लाख, माछापुच्छ्रे बैंकले ८२ करोड १८ लाख रुपैयाँ, नेपाल बंगालादेश बैंकले ८० करोड ७७ लाख रुपैयाँ, कुमारी बैंकले ८० करोड ३० लाख रुपैयाँ, एनसीसी बैंकले ७५ करोड ६३ लाख रुपैयाँ, सिटिजन्स बैंकले ६८ करोड ७७ लाख, सेन्चुरी बैंकले ६५ करोड २ लाख रुपैयाँ र सबैभन्दा कम सिभिल बैंकले ३१ करोड ६२ लाख रुपैयाँ नाफा कमाएको छ ।

## प्रभु बैंक र एन प्याब्सनबीच सम्झौता

**काठमाडौं/मस–** प्रभु बैंक र निजी क्षेत्रका विद्यालयहरुको छाता संगठन एन प्याब्सनका बीच बैंकिङ्ग कारोबार प्रभु बैंक मार्फत गर्ने सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ । प्रभु बैंकको प्रधान कार्यालय बबरमहल काठमाडौंमा आज एक समारोहका बीच सम्पन्न उक्त सम्झौतामा प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन र एन प्याब्सनका अध्यक्ष विष्णु पराजुलीले हस्ताक्षर गरेका छन् ।

प्रभु बैंक र एन प्याब्सनसँगको आज सम्पन्न सम्झौता बमोजिम एनप्याब्सनको आधिकारिक बैंक प्रभु बैंक हुनेछ । एन प्याब्सनले सम्पूर्ण आर्थिक कारोबार प्रभु बैंकमार्फत् गर्नेछ भने एनप्याब्सन अन्तर्गत सदस्यता ग्रहण गरेका निजी क्षेत्रका विद्यालयहरुले पनि आफुलाई पायक पर्ने प्रभु बैंकको जुनसुकै शाखा कार्यालयमा खाता खोली विद्यार्थीहरुबाट संकलन गर्ने शैक्षिक शुल्क बैंकमार्फत् नै संकलन गर्न लगायत सम्पूर्ण आर्थिक कारोबार प्रभु बैंकमार्फत् गर्न सक्नेछन् ।

उक्त विद्यालयहरुमा कार्यरत शिक्षक तथा अन्य कर्मचारीहरुको तलबी खाता पनि प्रभु बैंकमै खोली सम्पूर्ण शिक्षक तथा कर्मचारहिरुले बैंकमार्फत नै तलब भुक्तानी लिन सक्नेछन् । एन प्याब्सन अन्तर्गत सदस्यता लिएका निजी विद्यालयहरुमा कार्यरत शिक्षक विद्यार्थी, कर्मचारी तथा सम्बन्धित अभिभावकहरुलाई एकीकृत वित्तीय सेवा जस्तैः नेपाल धितो पत्र बोर्डमा सुचिकृत कम्पनीहरुको आईपीओ, एफपीओ, डिबेञ्चर लगायतको सूचना उपलब्ध हुनुका साथै शेयर कारोबार प्रयोजनका लागि आवश्यक पर्ने डिम्याट खाता खोल्ने सुविधा समेत उपलब्ध हुनेछ । एन प्याब्सनले आयोजना गर्ने संस्थागत वार्षिक कार्यक्रम लगायत जुनसुकै कार्यक्रमहरुमा आधिकारिक बैंकको रुपमा प्रभु बैंकको नाम उल्लेख गर्नेछ ।

प्रभु बैंक र एन प्याब्सनका बीच आज सम्पन्न यस सम्झौताबमोजिम एन प्याब्सन सदस्य रहेको निजी क्षेत्रका विद्यालयहरु, उक्त विद्यालयमा कार्यरत शिक्षक, विद्यार्थी, कर्मचारीहरु लगायत अभिभावकहरुले प्रभु बैंकको गुणस्तरीय एवं अत्याधुनिक प्रविधियुक्त बैंकिङ्ग सञ्जालमा सहभागी भई अधिकतम् लाभ उठाउन सकिने छ ।

## सानिमा बैंकको नारी बचत खाता

**काठमाडौं/मस–** सानिमा बैंक लिमिटेडले सानिमा नारी बचत खाता संचालनमा ल्याएको छ । 'बचत आफ्नो लागि सहयोग नारीको लागि' भन्ने उद्देश्यका साथ बैंकले ल्याएको यस योजनामा हरेक नारी बचत खाता वापत बैंकले आफ्नो तर्फबाट मासिक रुपमा एक रुपैयाँ विपन्न वर्गका महिलाको उत्थान तथा स्वास्थ्य उपचारमा उपयोग गर्दै आएको छ ।

महिलाले आफ्नो लागि नारी बचत खाता खोल्दा सो खाताबाट नारीकै हितको लागि रकम प्रयोग गरिने हुनाले हरेक नारीले सानिमा बैंकमा खाता खोल्दा अप्रत्यक्ष रुपमा अन्य विपन्न वर्गका नारीको लागि सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।

यस सँगै प्रविधियुक्त बैंकिङ्ग तथा नगद रहित कारोबारलाई प्रोत्साहन गर्नको लागि बैंकका नारी खातावाहक ग्राहकले बैंकको डेबिट कार्डबाट बिल भुक्तानी गर्दा हरेक शनिबार १५५ क्यासब्याक वा अधिकतम् ५०० सम्म छुट प्रदान गर्ने भएको छ । जसबाट हरेक महिना सामान खरिदमा २००० सम्म बचत गर्न सकिनेछ । उक्त क्यासव्याक योजना २०७६ फागुनदेखि २०७७ वैशाखसम्म तीन महिनाको लागि लागू हुनेछ ।

## सिभिल बैंकको शाखा विस्तार





**काठमाडौं/मस–** सिभिल बैंकको १०७औं शाखा जितपुरमा संचालनमा आएको छ । बैंक शाखाको नेपाल राष्ट्र बैंकका मुख्य प्रबन्धक राजन बिक्रम थापा तथा जीतपुर सिमरा उप-महानगरपालिकाका मेयर डा. कृष्ण प्रसाद पौडेलले संयुक्त रुपमा उद्घाटन गरे ।

देशकै विकासोन्मुख शहरहरु मध्येको एक प्रमुख शहर जीतपुर सिमरामा शाखा उद्घाटन गर्दै शुभकामना मन्तव्य दिने क्रममा उद्घाटन कार्यक्रमका प्रमुख अतिथि नेपाल राष्ट्र बैंकका मुख्य प्रबन्धक राजन बिक्रम थापाले देशको आर्थिक विकास बैंकहरुको सहभागिता बीना हुन नसकिने भएकोले सिभिल बैंकको जीतपुरमा शाखा बिस्तार हुँदा यस क्षेत्रको बित्तीय गतिबिधिमा टेवा पुग्ने बताए ।

उक्त कार्यक्रमका विशिष्ट अतिथि जीतपुर सिमरा उप-महानगरपालिकाका मेयर डा. कृष्ण प्रसाद पौडेलले जीतपुरमा सिभिल बैंकले शाखा खुलेकोमा खुसी व्यक्त गर्दै बैंक प्रति कृतज्ञता ज्ञापन गरे । साथै सिभिल बैंकले यस क्षेत्रको जनताको घरदैलोसम्म पुगी वित्तीय सेवा उपलब्ध गराई त्यहाँको जनताको जीवनस्तर उकास्न सघाउ पुर्याउने कुरामा विश्वास व्यक्त गरे । उक्त अवसरमा सिभिल बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङले देशको औद्योगीक नगरी विरगन्जसँग नजिक जीतपुरमा प्रशस्त औद्योगिक अवसरहरु रहेको र आफुले बैंकको तर्फबाट यस क्षेत्रको अर्थतन्त्र उकास्नका लागि सान्दर्भिक सेवा तथा सुविधाहरु प्रदान गर्ने कुरा बताए ।

साथै सोही कार्यक्रमबीच सिभिल बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङले फकिरा गिरी राजेश्वर गिरी माध्यमिक विद्यालयका प्रधानाध्यापक राजु कुमार सिंहलाई विद्यालयको इ-लाईब्रेरीको लागि एक थान कम्प्युटर हस्तानतरण गरे ।

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुविधाहरु
• कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरिद, बिक्रि तथा मर्मत,
• टोनर कार्टेज रिफिल,
• CCTV, EPABX बिक्रि तथा मर्मत,
• अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
• कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८०१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालबन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**